# अन्तिम लेखापरीक्षण प्रतिवेदन

## वाग्मती गाउँपालिका
## ललितपुर

आर्थिक वर्ष २०७९/८०





महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

# अन्तिम लेखापरीक्षण प्रतिवेदन

## वाग्मती गाउँपालिका

## ललितपुर

आर्थिक वर्ष २०७९/८०




महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

# अन्तिम लेखापरीक्षण प्रतिवेदन

वाग्मती गाउँपालिका

ललितपुर

आर्थिक वर्ष २०७९/८०

महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

## दूरदृष्टि (VISION)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था

*(Be Credible Institution in Promoting Accountability, Transparency and Integrity)*

## गन्तव्य (MISSION)


राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने

*(Provide independent and Quality Audit Service to the Nation)*

## मूल्य मान्यता (Core Values)

| | |
|---|---|
| निष्ठा | *(Integrity)* |
| स्वतन्त्रता | *(Independence)* |
| व्यावसायिकता | *(Professionalism)* |
| पारदर्शिता | *(Transparency)* |
| जवाफदेहिता | *(Accountability)* |

# महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीय तहको लेखा कानुन बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ। त्यसैगरी लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा २ मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । लेखापरीक्षण गर्दा नेपाल सरकारी लेखापरीक्षणमान, लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमलाई आधार लिईएको छ । यस स्थानीय तहको २०७९/८० को लेखापरीक्षणबाट देखिएका व्यहोरा उल्लेख गरी प्रारम्भिक प्रतिवेदन जारी गरिएकोमा सो उपर प्राप्त प्रतिक्रिया समेत विचार गरी राय सहितको प्रतिवेदन जारी गरिएको छ ।

वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको परिपालना, बजेट तथा योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन,खरिद व्यवस्थापन, सार्वजनिक सेवा प्रवाह, आन्तरिक नियन्त्रण प्रणाली, आन्तरिक आय परिचालन, जनशक्ति व्यवस्थापन, जिम्मेवारी एवं जवाफदेहिता लगायतका विषयहरूको अध्ययन, विश्लेषण तथा मूल्याङ्कन गर्नुका साथै स्रोत साधनको प्राप्ति, उपयोग एवं परिचालन सन्दर्भमा मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता समेतलाई दृष्टिगत गर्दै कार्यान्वयनयोग्य सुझाव प्रदान गरी सुशासन कायम गर्न सहयोग गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ । समय, जनशक्ति, स्रोतको उपलव्धता लगायतका सीमा रहेता पनि स्थानीय तह सम्म नै उपस्थित भई लेखापरीक्षण सम्पन्न गर्ने नीति लिइएको छ। यसै गरी लेखापरीक्षणको क्रममा स्थानीय तहका पदाधिकारी तथा जिम्मेवार कर्मचारीहरूसँग लेखापरीक्षणबाट देखिएका व्यहोरा उपर छलफल गरिएको छ।

यस वर्ष स्थानीय तहको लेखापरीक्षणबाट कार्यसम्पादनका लागि आवश्यक पर्ने कतिपय कानुन निर्माण हुन बाँकी रहेको, कानुनको पूर्ण परिपालना हुन नसकेको, बजेट अनुशासन कमजोर रहेको, आन्तरिक आय न्यून रहेको, प्रशासनिक तथा अनुत्पादक खर्चमा वृद्धि हुँदै गएको, एउटै योजना समेत टुक्र्याई कार्य गर्ने गरेको, वर्षान्तको खर्च उच्च रहेको, निर्माणको सुनिश्चितता नभएका आयोजनाहरुको समेत परामर्शदाताद्वारा विस्तृत आयोजना प्रतिवेदन तयार गरी खर्च गरेको, जटिल प्रकृतिका कार्यहरू समेत उपभोक्ता समितिबाट गराएको, जनशक्ति व्यवस्थापन हुन नसक्दा सेवा प्रवाह प्रभावकारी हुन नसकेको, स्वीकृत दरबन्दी बेगरका कर्मचारी समेत नियुक्ति गरेको, आन्तरिक नियन्त्रण र लेखाङ्कन तथा प्रतिवेदनमा सुधार गर्नु पर्ने देखिएको, सार्वजनिक सम्पत्ति संरक्षण र उपयोग प्रभावकारी रुपमा हुन नसकेको, स्थानीय तहमा लेखापरीक्षण प्रतिवेदन उपर छलफल र बेरुजु फस्योँट सम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा गर्न बाँकी रहेको जस्ता व्यहोरा देखिएका छन्। त्यस स्थानीय तहसँग सम्बन्धित व्यहोरा सहितको राय संलग्न गरिएको छ । एकै प्रकृतिका व्यहोराहरू वर्षेनी दोहोरिने गरेकोले वित्तीय अनुशासनमा अपेक्षित रुपमा सुधार हुन सकेको छैन ।अतः लेखापरीक्षणबाट औंल्याएका ब्यहोराहरू उपर आवश्यक कारबाही गरी वित्तीय अनुशासन कायम गर्नुका साथै सेवा प्रवाहलाई प्रभावकारी बनाउन त्यस स्थानीय तहबाट थप पहल कदमी हुने विश्वास लिएको छु ।

अन्तमा, स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुर्‍याउने स्थानीय तहका पदाधिकारी तथा कर्मचारीप्रति आभार व्यक्त गर्दछु । साथै लेखापरीक्षण कार्यमा संलग्न यस कार्यालयका कर्मचारीहरूको कार्यसम्पादनको लागि विशेष धन्यवाद व्यक्त गर्दछु ।

**(तोयम राया)**

**२०८१** **महालेखापरीक्षक**

महालेखापरीक्षकको कार्यालय

अनामनगर/बबरमहल, काठमाडौं, नेपाल

**प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय**

बागमती प्रदेश

मितिः २०८१।०२।१३

प.सं. २०८०।८१

च.नं. १८५

विषयः **<u>लेखापरीक्षण प्रतिवेदन ।</u>**

श्री अध्यक्षज्यू,

बागमती गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय,

भट्टेडाँडा, ललितपुर ।

१. **कैफियत सहितको राय** - हामीले बागमती गाउँपालिकाको आर्थिक वर्ष २०७९/८० को प्राप्ती र भुक्तानीको विवरण, त्यससँग सम्बन्धित अनुसूची तथा अन्य विवरणको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक पेस भएको २०८० आषाढ ३१ मा समाप्त भएको आर्थिक वर्ष २०७९/८० को प्राप्ती र भुक्तानीको विवरण र त्यससँग सम्बन्धित अनुसूची तथा अन्य विवरण समावेश भएको वित्तीय प्रतिवेदनले यस पालिकाको वित्तीय कारोबार र प्रतिवेदनसँग सम्बन्धित प्रचलित कानुन बमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ।

२. **कैफियत सहितको राय व्यक्त गर्ने आधार**

२.१. पालिकाले अन्तरसरकारी अख्तियारी, आन्तरिक आय तथा विविध कोष लगायतको वित्तीय विवरण महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचा पूर्ण रुपमा प्रयोग गरेर तयार गरेको छैन ।

२.२. लेखापरीक्षणबाट रू.१ करोड ७७ लाख २२ हजार बेरुजू देखिएको छ । सो सम्बन्धमा रु.७० लाख १४ हजारको प्रतिक्रिया प्राप्त भएकोमा सो उपर कारबाही भई रु.१५ हजार प्रतिकृयाबाट थप सहित बाँकी बेरुजु असुल गर्नुपर्ने रू.३४ लाख ४३ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू.५० लाख २४ हजार, नियमित गर्नुपर्ने रु.१६ लाख ६ हजार र पेश्की बाँकी रु.६ लाख ५० हजार समेत रु.१ करोड ७ लाख २४ हजार रहेको छ । पालिकाको गतवर्षसम्म रु.२७ करोड २ लाख ३० हजार बेरुजू बाँकी रहेकोमा हालसम्मको अद्यावधिक बेरुजू रु.२१ करोड ७६ लाख ७४ हजार रहेको छ । पालिकाको बेरुजु वर्गीकरण, अद्यावधिक बेरुजु स्थिति र बेरुजु सम्परीक्षणको व्यहोरा यसैसाथ संलग्न छ

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेका नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुन बमोजिम गरिएको छ। वित्तीय प्रतिवेदन तयार गर्ने पालिकासँग हामी स्वतन्त्र छौं । त्यसका लागि प्रचलित कानुन र स्वीकृत आचारसंहिता अनुसार हामीले कार्य गरेका छौं । लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा हामी विश्वस्त छौं।

३. **अन्य व्यहोरा -** ऐन नियमको परिपालना, आन्तरिक नियन्त्रण व्यवस्था, सम्पत्तिको संरक्षण, स्रोत साधनको प्राप्ति र उपयोग, बजेट व्यवस्थापन र राजस्व संकलन, सार्वजनिक खरिद व्यवस्थापन, कार्यक्रम स्वीकृति एवं कार्यान्वयन, उपभोक्ता समितिलाई अनुदान वितरण तथा अनुगमन र सेवा प्रवाहलगायतका विषयमा सुधार गर्नुपर्ने देखिएका छन् ।

४. **वित्तीय विवरण उपर व्यवस्थापन तथा पदाधिकारीको जिम्मेवारी -** नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) बमोजिम आर्थिक कारोवारको सही र यथार्थ अवस्था चित्रण हुने गरी एकीकृत वित्तीय विवरण तयार गर्ने तथा गल्ती (Fraud) वा त्रुटिका कारणबाट वित्तीय विवरण सारभूत रुपमा गलत आँकडा रहित स्वरुपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागु गर्ने जिम्मेवारी बागमती गाउँपालिकाको व्यवस्थापनमा रहेको छ । पालिकाका अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत वित्तीय प्रतिवेदन प्रकृयाको अनुगमनका लागि जिम्मेवार हुनेछन् ।

५. **वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी -** वित्तीय प्रतिवेदन समग्रमा गल्ती (Fraud) वा त्रुटिका कारण सारभूत रुपमा गलत आँकडा रहित रहेको छ भनी यथोचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो । लेखापरीक्षणमा यथोचित आश्वस्तताले उच्च स्तरको आश्वस्तता प्रदान गरेको हुन्छ ।लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुन बमोजिम लेखापरीक्षण कार्य सम्पादन गरेको अवस्थामा समेत आन्तरिक नियन्त्रण र वित्तीय प्रतिवेदनको प्रकृति, लेखापरीक्षणका विधि तथा लेखापरीक्षण सम्पन्न गर्न लागेको समय जस्ता लेखापरीक्षणका अन्तरनिहित सीमाहरुका कारण वित्तीय विवरण वा आर्थिक कारोवारमा भएका सबै प्रकारका गल्ती (Fraud) वा त्रुटि पत्ता लाग्न सक्ने निश्चितता हुदैन ।वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा फरक पार्ने अवस्था देखिएका गल्ती (Fraud) वा त्रुटिका एक वा समग्र सूचनालाई सारभूत रुपमा गलत आँकडा मानिएको छ ।

**(शंकर प्रसाद पन्थी)**

**नायब महालेखापरीक्षक**

**बागमती गाउँपालिका,**

**ललितपु जिल्ला,**

## १. चालु वर्ष २०७९।८० को बेरुजु

### बेरुजु वर्गीकरण (विनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)

(रु. हजारमा)

| प्रारम्भिक बेरुजु | | | प्रतिक्रियाबाट फस्यौंट | | | प्रतिकृयाबाट थप | बाँकी बेरुजु | | | बेरुजु | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | असुल गर्नु पर्ने | नियमित गर्नुपर्ने | | | | | पेस्की |
| दफा संख्या | | | दफा संख्या | | | | दफा संख्या | | | | | | | | | |
| सैद्धान्तिक | लगती | रकम | सैद्धान्तिक | लगती | रकम | | सैद्धान्तिक | लगती | रकम | असुल गर्नु पर्ने | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | पेस्की |
| ४३ | १६१ | १७७२२ | ० | ३६ | ७०१४ | १५ | ४३ | १२५ | १०७२३ | ३४४३ | १६०६ | ५०२५ | ० | ० | ६६३० | ६५० |

## २. अद्यावधिक बेरुजु स्थिति (२०७९।८० सम्मको)

(रु. हजारमा)

| जिल्ला | गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्ष फस्यौंट | बाँकी बेरुजु | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु | यो वर्षको बेरुजु | कुल बेरुजु बाँकी |
|---|---|---|---|---|---|---|---|
| ललितपुर | २७०२३० | ० | ६३२७९ | २०६९५१ | ० | १०७२३ | २१७६७४ |

## ३. बेरुजु सम्परीक्षणको विवरण

| क्र.सं | आर्थिक वर्ष | बेरुजुको दफा | छोटकरी व्यहोरा | सम्परीक्षण भएको रकम |
|---|---|---|---|---|
| १ | **२०७९।८० (चालु वर्षको)** | ३२ | स्वास्थ्य बीमा कार्यक्रमको पेश्की फछ्र्यौटको प्रमाण पेश | ७०००० |
| | | ३८ | जिन्सी दाखिलाको प्रमाण पेश | ५२३८३८७ |
| | | ३९ | पाईप वितरणको प्रमाण पेश | ३८७८९८ |
| | | ५० | बेतलबी विदाको चाडपर्व खर्चको प्रमाण पेश | १३५९२६ |
| | | ५१ | बढी दरको प्रशिक्षण भत्ता दाखिलाको प्रमाण पेश | ६०३०५ |
| | | ५२ | सामाग्री वितरणको प्रमाण पेश | ३५४८२ |
| | | ५७.१ | विद्यालयहरुको पाठ्यपुस्तक रकम वितरणको प्रमाण पेश | ४५५६८२ |
| | **चालु वर्षको जम्मा** | | | **७०१३६८०** |
| | **गत विगत वर्षतर्फको** | | | |
| २ | **२०७८।७९** | २५ | बील भर्पाई सहितको प्रमाण पेश | २९८३२० |
| | | ४४ | कार्यसम्पन्न प्रतिबेदन पेश | ५०११०८७१ |
| | | २६ | बील भर्पाई सहितको प्रमाण पेश | ५५४३५४ |
| | | २६ | बील भर्पाई सहितको प्रमाण पेश | ३१९२५८८ |
| | | ४८ | प्रमाण कागजात पेश | ५२४४३४८ |

| | | | | |
|---|---|---|---|---|
| | | ४० | प्रमाण कागजात पेश | ६५७३९ |
| | | ५ | बैंक हिसाव मिलानको प्रमाण पेश | ३७३१०२० |
| ३ | **२०७७।७८** | २७ | नर्म्स भन्दा बढी भुक्तानी असुल भई फस्यौंट | ६९५०० |
| | **गत विगतको जम्मा** | | | **६३२७९४९०** |
| | **कुल जम्मा** | | | **७०२९३१७०** |

**पालिकाको अन्तिम लेखापरीक्षणको विवरण तल उल्लेख गरिएको छ ।**

## परिचय

१ **(क) कार्यालय परिचय -** स्थानीय शासन पद्धति सुदृढ गरी विधायिकी, कार्यकारिणी र न्यायिक अभ्यास संस्थागत गर्दै स्थानीय सरकार सञ्चालन गर्न यस पालिकाको स्थापना भएको हो । स्थानीय सरकारले सञ्चालन गर्ने कार्यमा सहकारिता, सह-अस्तित्व र समन्वय प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु पालिकाको उद्देश्य रहेको छ। यस पालिकामा ७ वडा रहेको छ भने क्षेत्रफल १११.४९ वर्ग किलोमिटर तथा १३ हजार ०४९ जनसंख्या रहेको छ ।

**(ख) लेखापरीक्षणको उद्देश्य -** लेखापरीक्षण गरिने निकायको वित्तीय विवरण तथा कारोबारको परीक्षण गरी उचित आश्वस्तता (Reasonable Assurance) प्रदान गर्नु वित्तीय लेखापरीक्षणको उद्देश्य हो । यस कार्यालयको आर्थिक वर्ष २०७९।८० को सबै प्रकारका आर्थिक कारोबारको परीक्षण एवं प्रचलित कानूनको परिपालनाको मूल्याङ्कन गरी प्रतिवेदन गर्नु लेखापरीक्षणको उद्देश्य हुनेछ ।

**(ग) लेखापरीक्षणको क्षेत्र र अवधि -** यस कार्यालयको विनियोजन, राजश्व, धरौटी, कोष तथा अन्य आय-व्यय, मौज्दात हिसाब, आर्थिक व्यवस्थापन, कार्यक्रम सञ्चालन, जिन्सी व्यवस्थापन, जनशक्ति व्यवस्थापन तथा सेवा प्रवाह लगायत आर्थिक वर्ष २०७९।८० मा सञ्चालित क्रियाकलापलाई लेखापरीक्षण क्षेत्रमा समावेश गरिएको छ । स्थलगत लेखापरीक्षणको अवधि २०८०।०६।२२ देखि २०८०।०६।२६ सम्म रहेको छ ।

**(घ) लेखापरीक्षण विधि -** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड तथा मार्गदर्शनमा नमूना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा कार्यालयले स्वीकृत गरेको जोखिममा आधारित लेखापरीक्षण योजनाका आधारमा निकायको आन्तरिक नियन्त्रणको परीक्षण तथा विश्लेषणात्मक र विस्तृत परीक्षण विधि अवलम्वनबाट लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ। लेखापरीक्षण गर्दा देखिएका व्यहोरा सम्बन्धमा कार्यालय प्रमुख तथा लेखा प्रमुख लगायतका पदाधिकारीहरूसँग छलफल सम्पन्न गरी कायम भएका व्यहोराहरू यस प्रतिवेदनमा समावेश गरिएको छ ।

**(ङ) लेखापरीक्षणको सीमा -** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, २०७७ तथा मार्गदर्शनमा नमूना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा महालेखापरीक्षकको कार्यालयले नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (NAMS) अवलम्बन गरी स्वीकृत भएको जोखिममा आधारित लेखापरीक्षण योजना, लेखापरीक्षण गरिएको निकायबाट पेश भएका लेखा एवं सोसँग सम्बन्धित कागजात, विवरण, लिखित प्रतिनिधित्व पत्र, लेखापरीक्षण अनुबन्ध पत्र समेतको आधारमा लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ ।आम्दानी तथा खर्चलाई नतिजासँग तुलना गरी विश्लेषण गर्नका लागि पर्याप्त भौतिक एवं स्थलगत अवलोकन गर्न भौगोलिक कठिनाइ, समय सीमा, स्रोतको उपलब्धता, प्रमाणको प्रकृति तथा पहुँच जस्ता अन्तर्निहित जोखिमहरु सीमाको रुपमा रहेका छन्। सारभूत रूपमा उल्लेखनीय नदेखिएका व्यहोरालाई प्रतिवेदनमा समावेश गरिएको छैन ।

**(च) आर्थिक कारोबारको स्थिति -** कार्यालयको विनियोजन, राजश्व, धरौटी, अन्य कारोबार, आय-व्यय, प्राप्ति र भुक्तानी बिष्तृत विवरण अनुसूची -१ मा संलग्न छ ।

**(छ) लेखापरीक्षणको क्रममा असुली -** लेखापरीक्षणको क्रममा निम्नानुसारको रु.५२,७८,९८३।असुल भई दाखिला प्रमाण पेश भएको छ ।

| सि.नं | बिवरण | रकम |
|---|---|---|
| १. | एम्बुलेन्स आम्दानी | १४९०० |
| २. | संघीय अनुदान फिर्ता | ३०००००० |
| ३. | प्रदेश अनुदान फिर्ता | २२६४०८३ |
| **जम्मा** | | **५२७८९८३** |

## २ स्थानीय तह सञ्चित कोष

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६९ र ७२ बमोजिम गाउँपालिकाले प्राप्त गरेको आय, अनुदान तथा सहायता र स्थानीय सरकार संचालनमा भएका आय-व्यय हिसावको आर्थिक वर्ष २०७९/८० को वित्तीय प्रतिवेदन म.ले.प.फा.नं. २७२ निम्न बमोजिम रहेको छः

| विवरण | टिप्पणी | यस वर्ष रु. | | | गतवर्ष रु. | |
|---|---|---|---|---|---|---|
| | | बजेट | आफैले गरेको प्राप्ति/भुक्तानी | जम्मा | आफैले गरेको प्राप्ति/भुक्तानी | जम्मा |
| प्राप्ती (क+ख) | | ६२९१४९१३२.७५ | ५२४२२२८७६.२९ | ५२४२२२८७६.२९ | ४५६४१४२४१.७६ | ४५६४१४२४१.७६ |
| क. प्राप्ति (संचितकोषमा आम्दानी बाँधिने) | | ६०८५६२५४५ | ५०१२०४६३०.३९ | ५०१२०४६३०.३९ | ४५२००१५९१.७६ | ४५२००१५९१.७६ |
| ११००० कर | ११ | १११९८४००० | ८२२८२८८०.५३ | ८२२८२८८०.५३ | ७७३१६७४०.५१ | ७७३१६७४०.५१ |
| १३००० अनुदान | | ४५९५१६००० | ४११७६१५२०.६७ | ४११७६१५२०.६७ | ३६३२८१४३९.१७ | ३६३२८१४३९.१७ |
| संघीय सरकार | १२ | ३७२६५०००० | ३३६७३९७२८ | ३३६७३९७२८ | ३११९५७०५१.१७ | ३११९५७०५१.१७ |
| प्रदेश सरकार | १२ | ८६८६६००० | ७५०२१७९२.६७ | ७५०२१७९२.६७ | ५१३२४३८८ | ५१३२४३८८ |
| १४००० अन्य राजस्व | | १७५००००० | ७०८९११४.१९ | ७०८९११४.१९ | ११४०३४१२.०८ | ११४०३४१२.०८ |
| १५००० विविध प्राप्ति | | २००००० | ७१,०३५.०० | ७१,०३५.०० | ० | ० |
| ३२००० वित्तीय सम्पत्ति | | १९३६२५४५ | ० | ० | ० | ० |
| ख. अन्य प्राप्ति | | २०५८६५८७.७५ | २३०१८२४५.९ | २३०१८२४५.९ | ४४१२६५० | ४४१२६५० |
| वितरण गर्न बाकी राजस्व | | ० | ३६,०४६.०० | ३६,०४६.०० | ० | ० |
| कोषहरु | | २०५८६५८७.७५ | १५९०७७४०.२५ | १५९०७७४०.२५ | ४२३७६५० | ४२३७६५० |
| धरौटी | | ० | ७०७४४५९.६५ | ७०७४४५९.६५ | १७५००० | १७५००० |
| संघीय प्रदेश सरकार वा अन्य कार्यक्रम | | ० | ० | ० | ० | ० |
| भुक्तानी (ग+घ) | | ६२९१४९१३२.७५ | ५२८१८८५२१.५९ | ५२८१८८५२१.५९ | ५२२६४८९५९.३८ | ५२२६४८९५९.३८ |
| ग. भुक्तानी (सञ्चित कोषबाट) | | ६०८५६२५४५ | ५१२६३६४८९.७२ | ५१२६३६४८९.७२ | ५१००२१५२८.७३ | ५१००२१५२८.७३ |
| २१००० पारिश्रमिक / सुविधा | १८ | २१५५५७००० | १९९५१२५७५.९१ | १९९५१२५७५.९१ | १६१८११०६०.३३ | १६१८११०६०.३३ |
| २२००० मालसामान तथा सेवाको उपयोग | १८ | १५४९११५४५ | १२४६५६२६८.८४ | १२४६५६२६८.८४ | १६२७३९७०५.४ | १६२७३९७०५.४ |
| २५००० सहायता ( Subsidy) | १८ | ८००००० | ७८८८३५ | ७८८८३५ | २५०००० | २५०००० |
| २७००० सामाजिक सुरक्षा | १८ | ५०९०००० | ३१०३८८४ | ३१०३८८४ | ७७५९९८२ | ७७५९९८२ |
| २८००० अन्य खर्च | १८ | ३४००००० | २४७६७९५ | २४७६७९५ | ४१८६००० | ४१८६००० |
| ३१००० गैर वित्तीय सम्पत्ती / पूँजीगत खर्च | १८ | २२८८०४००० | १८२०९८१३०.९७ | १८२०९८१३०.९७ | १७३२७४७८१ | १७३२७४७८१ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| घ. अन्य भूक्तानी | | २०५८६५८७.७५ | १५५५२०३१.८७ | १५५५२०३१.८७ | ५२२६४८९५९.३८ | ५२२६४८९५९.३८ |
| कोषहरु | | २०५८६५८७.७५ | १४३२१४६७.२५ | १४३२१४६७.२५ | १२४३८०५५ | १२४३८०५५ |
| धरौटी | | ० | १८७६८४७ | १८७६८४७ | १८९३७५.६५ | १८९३७५.६५ |
| संघीय प्रदेश सरकार वा अन्य कार्यक्रम | | ० | ० | ० | ० | ० |
| कट्टी रकम भुक्तानी/दाखिला गर्न बाकी | | | -६४६२८२.३८ | -६४६२८२.३८ | | |
| ङ. यो वर्षको बचत (न्युन) | | | -३९६५६४५.३ | -३९६५६४५.३ | -६६२३४७१७.६२ | -६६२३४७१७.६२ |
| च. गतवर्षको जिम्मेवारी रकम (अ.ल्या) | | | २५९८८०६४.२५ | २५९८८०६४.२५ | ८८०१९५६१.३४ | ८८०१९५६१.३४ |
| वर्षान्तको बाकी रकम (ङ + च) | | | २२०२२४१८.९५ | २२०२२४१८.९५ | २१७८४८४३.७२ | २१७८४८४३.७२ |
| | | | | | | |
| बैंक तथा नगद बाकी | २४ | | २२०२२४१८.९५ | २२०२२४१८.९५ | २७६६०६२७.८२ | २७६६०६२७.८२ |

गाँउपालिकाले पेस गरेको वित्तीय विवरणमा समावेश नभएको खर्च शीर्षकहरू निम्नानुसार रहेका छन्ः

| सि.नं. | खर्च शीर्षक | बजेट | निकासा खर्च |
|---|---|---|---|
| १. | सामाजिक सुरक्षा | ५६७९१००० | ५६६३३३३५ |
| २. | गरिबसँग विश्वेश्वर | १२६०००० | १२५२००० |
| **जम्मा** | | **५८०५१०००** | **५७८८५३३५** |

## लेखापरीक्षणबाट देखिएका व्यहोराहरु

### ३ वित्तीय विवरणको परीक्षण

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को नियम ७२ मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा नियम ७६(२) मा महालेखा परीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राखुपर्ने व्यवस्था गरेको छ ।पालिकाले २०७६।२।१९ मा महालेखापरीक्षकबाट स्वीकृत भएको सार्वजनिक क्षेत्र लेखामान (NPSAS) अनुसार लेखाङ्कन तथा प्रतिवेदन गर्नुपर्दछ । पालिकाले उपलव्ध गराएको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७२) सम्बन्धमा निम्नअनुसार देखिएको छः

### ३.१ वित्तीय विवरणको यथार्थता

पालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कनको गर्न स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ । आर्थिक कारोबार गर्दा सुत्रको प्रयोग गरी सम्पूर्ण आर्थिक कारोवारको लेखाङ्कन तथा प्रतिवदेन गर्नुपर्दछ भने सोही प्रणालीबाट स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७२) तयार गर्नुपर्छ । पालिकाले सामाजिक सुरक्षा तथा संरक्षणको रु.५,६६,३३,३३५।र गरिबसँग विश्वेश्वरो रु.१२,५२,०००।समेत गरी रु.५,७८,९३,३३५।सुत्रमा लेखाङ्कन गरेको छैन।जसले गर्दा सुत्रबाट तयार भएको वित्तीय विवरणसमेत पूर्ण नहुँदा पालिकाको यथार्थ आर्थिक अवस्थाको चित्रण गरेको छैन ।तसर्थ सबै आर्थिक कारोबार सुत्र मार्फत हुने र सबै कारोबार वित्तीय विवरणमा समावेश गर्ने व्यवस्था गर्नुपर्दछ।

३.२ **फरक जिम्मेवारी**

पालिकाले आफ्नो कारोबारको जिम्मेवारी भिडान गरी हिसाब यकिन गर्नुपर्दछ ।पालिकाको गतवर्षको लेखापरीक्षण प्रतिवेदनअनुसार रु.२,३६,४३,३६६।मौज्दात रहेकोमा यो वर्ष रु.२,५९,८८,०६४। जिम्मेवारी सारेको छ।जस अनुसार लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएको भन्दा रु.२३,४४,६९८।बढी जिम्मेवारी सारेको सम्बन्धमा यकिन गर्नुपर्दछ ।

३.३ **कर दायित्व**

पालिकाले तयार गरेको वित्तीय प्रतिवेदन (म.ले.प.फा.नं २७२) अनुसार वर्षान्तमा विभिन्न भुक्तानीहरुमा कट्टी गरेको कर दायित्व रु.६,४६,२८२।३८ देखाएको छ।यकिन भई सकेको कर दायित्व लेखापरीक्षण अवधिसम्म पनि दाखिला गरेको पाइएन । अतः उक्त रकम सम्बन्धित खातामा दाखिला गर्नुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | ६,४६,२८२ |

## ४ आन्तरिक लेखापरीक्षण

स्थानीय तह सञ्चालन ऐन, २०७४ को दफा ७७ (२) मा स्थानीय तहले आर्थिक कारोबारको नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारिताको आधारमा प्रत्येक त्रैमासिक समाप्त भएको एक महिना भित्र आन्तरिक लेखापरीक्षण गराउनु पर्ने उल्लेख छ ।पालिकाले आन्तरिक लेखापरीक्षणको लागि आन्तरिक लेखापरीक्षक पदमा १ कर्मचारी कार्यरत रहेकोमा आन्तरिक लेखापरीक्षण गराएको छैन।तसर्थ कानुनमा तोकिए बमोजिम आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण गराई आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी बनाउने तर्फ ध्यान दिनुपर्दछ।

## ५ आन्तरिक नियन्त्रण प्रणाली

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागू गर्नुपर्ने व्यवस्था छ । पालिकाले त्यस्तो प्रणाली तयार गरी लागू गरेको पाईएन।जसले गर्दा पालिकाको आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको र सोमाथि विश्वस्त हुन सक्ने अवस्था छैन।यस सम्बन्धमा देखिएका केही व्यहोराहरु देहायबमोजिम रहेका छन्ः

**वजेट व्यवस्थापनतर्फ**

- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११अनुसार आफ्नो क्षेत्र भित्रको आधारभुत तथ्यांक संकलन, अभिलेखांकन र व्यवस्थापन नगरेको,स्थानीय तहले एक आर्थिक वर्ष भित्र भएको आर्थिक कारोवारको अनुसुची ११ बमोजिमको ढाँचामा वार्षिक प्रतिवेदन तयार गरेको पाईएन,
- अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिम मध्यकालिन खर्च संरचना तयार गर्नुपर्नेमा स्थानीय तहले सो बमोजिमको मध्यमकालिन खर्चको संरचना तयार नगरेको,
- दीगो विकास लक्ष्य पुरा गर्न वातावरण संरक्षण लगायत आन्तरिकिकरणको लागि एकीकृत दीर्घकालिन योजना तयार नगरेको,
- स्थानीय तहले कार्यक्रम संचालन जस्तैः बैठक भत्ता, तालिम, गोष्ठी गर्नको लागि कार्य संचालन निर्देशिका स्वीकृति गरी सोको पालना नगरेको,

- स्थानीय तहबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्यवयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति तयार नगरेको ।

**भ्रमण खर्च व्यवस्थापनतर्फ**

- भ्रमण खर्च नियमावली, २०६४ अनुसार कार्यालयले भ्रमण काजमा खटाउँदा भ्रमणअभिलेख व्यवस्थित नगरेको,
- नियमावलीमा उल्लेख भएबमोजिम भ्रमण पश्चात् भ्रमण प्रतिवेदन लिने नगरेको ।

**खरिद व्यवस्थापन तर्फ**

- स्थानीय तहले सार्वजनिक खरिद नियमावली तर्जुमा नगरेको,
- सार्वजनिक खरिद ऐन, २०६३ को नियम ६ अनुसार सार्वजनिक निकायले तोकिएको सीमा भन्दा बढी रकमको खरिद गर्दा तोकिए बमोजिम खरिदको गुरु योजना र वार्षिक खरिद योजना तयार गर्नुपर्ने उल्लेख छ। स्थानीय तहले खरिद गुरुयोजना र वार्षिक खरिद योजना तयार नगरेको,
- सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण नगरेको,
- सञ्चालित योजनाहरुको उपभोक्ताको योगदान र कार्य सम्पादन लगायतका विषयमा स्पष्ट गरी सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षण नगरेको,
- स्थानीय तहले निर्माण व्यवसायी तथा उपभोक्ता समिति मार्फत कार्य गराएकोमा निर्माण कार्यमा प्रयोग हुने सामानको गुणस्तर परीक्षण नगरेको,
- स्थानीय तहले विगतमा परामर्शदाताबाट विस्तृत परियोजना प्रतिवेदन तयार गरेकोमा सोको कार्यान्वयन र अभिलेख राख्ने नगरेको,

**शिक्षातर्फ**

- स्थानीय तहले स्थानीय तह भित्रका विद्यालय अनुगमन गर्न अनुगमन मापदण्ड तयार गरेको तथा अनुगमन गरेको छैन,
- शैक्षिक व्यवस्थापन सूचना प्रणाली (IEMIS):- कार्यक्रम कार्यान्वयन पुस्तिका मा IEMIS मा प्रविष्ट तथ्याङ्कलाई सम्बन्धित विद्यालयबाट कक्षागत विद्यार्थीहरुको यथार्थ तथ्याङ्कसँग सत्यापन (भिडान) गराइ शिक्षा अधिकृतबाट प्रमाणित गरी सोका आधारमा विद्यालयहरुलाई अनुदान निकासा दिनुपर्ने कक्षागत विद्यार्थीहरुको यथार्थ तथ्याङ्कसँग सत्यापन गर्ने व्यवस्था कार्यान्वयन नभएको,
- शिक्षा नियमावली, २०५९ को परिच्छेद ३ नियम १६ मा नं. (झ) मा शिक्षा सेवा आयोगबाट नियुक्ति वा बढुबाको लागी सिफारिस भई आएका शिक्षकलाई नियुक्त गर्ने, सामुदायिक तथा सरकारी विद्यालयमा कार्यरत शिक्षकको नोकरी तथा अन्य विवरण अभिलेख अद्यावधिक गरी राख्नुपर्नेमा नियमावलीको व्यवस्था अनुसारका उक्त अभिलेखहरु तयार नगरेको ।

**विविधतर्फ**

- मुल्य अभिवृद्धि कर नियमावली, २०५३ को नियम ६ क अनुसार ठेक्का सम्झौता र कर भुक्तानीको जानाकारी सम्वन्धित आन्तरिक राजस्व कार्यालयलाई नदिई आर्थिक वर्षको अन्तमा मात्र दिइएको तथा इ.टी.डि.एस. नगरेको,

- कार्यालयले उद्देश्य प्राप्तिमा आइपर्ने सम्भावित जोखिमहरु पहिचान गरी निराकरणको प्रयास गरेको अभिलेख राखे नराखेको,
- कुनै रकम भुक्तानी दिँदा रित पुगे वा नपुगेको जाँच गरी रसिद विल भर्पाइहरुमा सिलसिलेवार नम्वर राखि कार्यालय प्रमुखले तोकेको कर्मचारीले भुक्तानी भएको जनाउने छाप समेत लगाई दस्तखत गरी प्रमाणित नगरेको,
- मन्त्रालयको मिति २०७३।१२।२५ को आर्थिक कारोबार तथा खाता सञ्चालन सम्बन्धमा थप स्पष्ट पारिएको परिपत्रको दफा १७ बमोजिम यस स्थानीय तह तथा स्थानीय तहमा समाहित भएका साविक गाउँविकास समिति तथा नाममा रहेको पेश्की तथा बेरुजु अभिलेख समायोजन भएको स्थानीय तहमा कायमगरी नियमानुसार पेश्की फर्स्यौट तथा बेरुजु सम्परीक्षण कार्य गर्नुपर्नेमा नगरेको ।

तसर्थ आन्तरिक नियन्त्रण प्रणाली तयार गरी पालिकाको कार्य सञ्चालन तथा व्यवस्थापनलाई प्रभावकारी बनाउनुपर्दछ ।

## ६ आय अनुमान

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आयसमेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ। पालिकाले पेश गरेको आय-व्ययको अनुमानमा आन्तरिक आयतर्फ मालपोत, कर, सेवा शुल्क, दस्तुर वापत अनुमानित रु.२,००,००,०००। प्राप्त हुने प्रक्षेपण गरेकोमा आर्थिक वर्ष २०७९।८० मा रु.९४,८९,०३४।६७ अर्थात् अनुमान भन्दा ५२.५५ प्रतिशत कम आय प्राप्त गरेको छ। आम्दानीका अन्य स्रोतको पहिचान गरी आयको अनुमान यर्थाथपरक बनाई आय आर्जन बृद्धि गर्नेतर्फ विशेष ध्यान दिन आवश्यक देखिएको छ ।

## ७ कर तथा असुली

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५५, ५७, ५८ र ५९ मा एकीकृत सम्पत्ति कर र घरजग्गा कर, घरजग्गा वहाल कर, व्यवसाय कर र वहाल विरौटी शुल्क उठाउने व्यवस्था रहेको छ । ती आय शीर्षकमा आय अनुमान र असुली स्थिति निम्नानुसार रहेको देखिन्छ ।

| आय शीर्षक | अनुमान | असुली | असुली प्रतिशत |
|---|---|---|---|
| एकीकृत सम्पत्ति कर र घरजग्गा कर | ३००००००.०० | ४०१८५९२.०० | १३३.५५ |
| घरजग्गा वहाल कर | १०००००.०० | ४७८०००.०० | ४७८.०० |
| व्यवसाय कर | ५०००००.०० | १४१५०००.०० | २८३.०० |
| वहाल विरौटी शुल्क | ५०००००.०० | ४२१०८०.०० | ८४.२२ |

पालिका भित्र रहेका करदाताहरुको अभिलेख व्यवस्थित नरहेको एवं बुझाउन ल्याएको अवस्थामा मात्र कर एवं शुल्क बुझ्ने परिपाटी रहेकोले उल्लिखित असुली यथार्थ मान्न सक्ने अवस्था देखिएन ।तसर्थ आफ्नो क्षेत्रभित्र करदाताको अभिलेख अद्यावधिक गरी करको दायरामा ल्याउनु पर्दछ।

## ८ राजस्व असुली

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा २७ मा प्रचलित कानुनबमोजिम नेपाल सरकारलाई प्राप्त हुने राजस्व तथा अन्य सरकारी रकम कार्यालयमा प्राप्त भएपछि सोही दिन तथा सोही दिन सम्भव नभए सोको भोलिपल्ट प्रचलित ढाँचामा लेखा राखी बैङ्क दाखिला गर्नुपर्ने व्यवस्था छ। पालिकाभित्रका ७ वडाहरुमध्ये नमुना छनौट गरी निम्नानुसारका वडाहरुको राजस्व असुली परीक्षण गर्दा रु.६,६७,८०७।असुली भएकोमा रु.४,९१,१५७।मात्र दाखिला भएको पाइएकोले बाँकी रकम दाखिला गर्नुपर्ने रु.

| वडा नं. | आय शीर्षक | असुली रु. | दाखिला रु. | दाखिला गर्न बाँकी |
|---|---|---|---|---|
| ४ | नगदी र मालपोत | ६६७८०७ | ४९११५७ | १७६६५० |

| | |
|---|---|
| असुल गर्नुपर्ने | १,७६,६५० |

## ९ दाखिला बाँकी

बागमती प्रदेश आर्थिक ऐन, २०७९ को दफा ९ मा ढुंगा, गिट्टी, बालुवा, दहत्तर बहत्तर शुल्क संकलन अनुसुची ५ मा तोकिएको दरमा नघट्ने गरी लगाइने र असुल उपर गरिने उल्लेख छ ।साथै ऐनको दफा १२ मा प्रदेश सरकारले आवश्यकता अनुसार यो ऐन र अन्य कानुन कानुन बमोजिम लगाइने दर घटाउन, बढाउन वा छुट दिन सक्ने व्यवस्था छ।पालिकाले वडा नं. २ र ३ को ढुँङ्गा गिट्टी, बालुवा उत्खनन तथा बिक्री गर्न मिती २०७९।०७।२८ मा पहिलो पटक राष्ट्रिय दैनिक पत्रिकामा सूचना प्रकाशन गरी बोलपत्र आह्वान गरेकोमा कुनै पनि फर्म तथा कम्पनीको बोलपत्र प्राप्त नभएकोले राजस्व परामर्श समितिको सिफारिसमा गाउँ कार्यपालिकाको निर्णय बमोजिम तत्काल अमानतबाट नदीजन्य पदार्थ संकलन गर्न दुई जना कर्मचारी नियुक्त गरको देखियो । निज कर्मचारीहरूले २६ प्याड नगदी रसिद प्रयोग गरी रु.३१,५४,०८४।आम्दानी गरेकोमा रु.२७,६४,०८६।९६ मात्र बैंक दाखिला गरेको पाइएकोले बाँकी रकम रू.३,८९,९९७।०९ को १० प्रतिशत जरिवाना समेत रु.४,२८,९९६।८० सम्बन्धितबाट असुल गरी दाखिला गर्नुपर्ने रु.

| क्र.सं. | संकलकको नाम | असुली रु. | दाखिला रु. | दाखिला गर्न बाँकी | १० प्रतिशत जरिवाना समेत |
|---|---|---|---|---|---|
| १ | विजय भोम्जन | २८२३५०५.७० | २४३३५०८.६१ | ३८९९९७.०९ | ४२८९९६।८० |
| २ | देव बहादुर भोम्जन | ३३०५७८.३५ | ३३०५७८.३५ | ०.०० | ० |
| **जम्मा** | | **३१५४०८४.०५** | **२७६४०८६.९६** | **३८९९९७.०९** | **४२८९९६।८०** |

| | |
|---|---|
| असुल गर्नुपर्ने | ४,२८,९९६ |

## १० व्यवसाय कर

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५८ मा पालिकाले आफ्नो कार्यक्षेत्र भित्र रहेका विभिन्न व्यवसाय गर्ने व्यक्तिबाट व्यवसाय कर उठाउनुपर्ने व्यवस्था रहेको छ ।यस वर्ष पालिकाले व्यवसाय दर्ता तथा नवीकरण शुल्क वापत रु.१४,१५,०००।कर सङ्कलन गरेकोमा पालिकाको क्षेत्रभित्र रहेका व्यवसायीहरुको अभिलेख अध्यावधिक गरेको छन् ।जसबाट पालिकाले सङ्कलन गरेको व्यवसाय कर यथार्थ मन्न सक्ने अवस्था छ्न । तसर्थ पालिकाले क्षेत्र भित्र सञ्चालनमा रहेका सम्पूर्ण व्यवसायीको अद्यावधिक अभिलेख राखी करको दायराभित्र ल्याउनु पर्दछ ।

## ११ नवीकरण शुल्क

बागमती गाउँपालिकाको आर्थिक ऐन, २०७९ को अनुसूची-४ मा व्यवसाय करको शुल्क निर्धारण गरेको छ । साथै ऐनको दफा १२(३) मा आर्थिक वर्षमा नवीकरण शुल्क नतिरेमा लाग्ने करको प्रति वर्ष १० प्रतिशतका दरले जरिवाना लाग्ने व्यवस्था गरेको छ।पालिकाको व्यवसाय दर्ता र नवीकरणको नमूना लेखापरीक्षण गर्दा निम्नानुसार व्यवसायीहरूले लेखापरीक्षण अवधिसम्म नवीकरण गरेको पाइएन।यस सम्बन्धमा पालिकाबाट यकिन गर्नुपर्ने रु.

| सि.नं. | व्यवसायीको नाम | व्यवसायीको किसिम | नवीकरण दर | नवीकरण भएको मिति | बाँकी वर्ष | नवीकरण शुल्क रकम | १० प्रतिशत जरिवाना | बाँकी रकम |
|---|---|---|---|---|---|---|---|---|
| १ | बागमती आर आर बालुवा एण्ड गिट्टी प्रशोधन प्रा.लि. | वासिङ | ५०००० | २०७७।११।२५ | २ | १००००० | १०००० | ११०००० |
| २ | खानीखोला बालुवा वासिङ उद्योग प्रा.लि. | वासिङ | ५०००० | २०७७।११।२६ | २ | १००००० | १०००० | ११०००० |
| ३ | बागमती आर आर बालुवा एण्ड गिट्टी प्रशोधन प्रा.लि. | बालुवा | ५०००० | २०७६।८।२० | ३ | १५०००० | १५००० | १६५००० |
| ४ | वि वि स्याण्ड वासिङ उद्योग | वासिङ | ५०००० | २०७६।९।११ | ३ | १५०००० | १५००० | १६५००० |
| जम्मा | | | | | | | | ५५०००० |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ५,५०,००० |

## १२ बजेट पेस, पारित र अख्तियारी

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजस्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ ।सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ ।यस पालिकाको उपाध्यक्ष श्री भक्तबहादुर दर्लामीले मिति

२०७९।३।१० मा रु.६० करोड ८५ लाख ६२ हजारको बजेट सभा समक्ष पेश गरेकोमा सभाबाट मिति २०७९।३।१० मा पारित भएको छ। यसैगरी स्थानीय तहका प्रमुखले मिति २०७९।३।१६ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ।समयमै अख्तियारी बजेट कार्यक्रम हुँदा समेत पूँजीगत बजेट ३४.७३ प्रतिशत मात्रै खर्च भएको अवस्था छ ।बजेट कार्यान्वयन दक्षता बढाउनु पर्ने देखिन्छ ।

## १३ क्षेत्रगत बजेट र खर्चको स्थिति

स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ ।यस पालिकाको २०७९।८० को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ ।

| क्र.सं | क्षेत्र | बजेट | खर्च | खर्च प्रतिशत |
|---|---|---|---|---|
| १ | आर्थिक विकास | ३६६७५००० | २८७११२४७ | ५.६० |
| २ | सामाजिक विकास | २८६८०९००० | २५८५१२९१३ | ५०.४३ |
| २ | पूर्वाधार विकास | १६६६००००० | १२५४६३७६४ | २४.४७ |
| ४ | सुशासन तथा अन्तरसम्बन्धित | १३३५०००० | १०८९८८११ | २.१३ |
| ५ | कार्यालय सञ्चालन तथा प्रशासनिक | १०५१२८५४५ | ८९०४९७५५ | १७.३७ |
| **जम्मा** | | **६०८५६२५४५** | **५१२६३६४९०** | **१००.००** |

उपर्युक्त विवरण अनुसार सभाले विनियोजन गरेको बजेट मध्ये सामाजिक विकास क्षेत्रमा सबैभन्दा बढी ५०.४३ प्रतिशत र सुशासन तथा अन्तरसम्बन्धित क्षेत्रमा सबैभन्दा घटी २.१३ प्रतिशत रहेको छ ।

## १४ बजेट अवण्डा

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम स्थानीय आर्थिक अवस्था समेतको आधारमा बजेट तथा कार्यक्रमको प्राथमिकीकरणका आधार तयार गरी स्रोत अनुमान तथा सीमा निर्धारणका आधारमा अबण्डा नराखी आय-व्ययको अनुमान पेस गर्नुपर्ने व्यवस्था छ। यस पालिकाले यो वर्ष रु.५१,००,०००।अबण्डा बजेट व्यवस्था गरी रु.५१,००,०००।खर्च गरेको छ।बजेट अबण्डामा राखी कार्यपालिकाको निर्णय र अध्यक्षको तोक आदेशबाट खर्च गर्ने गरेको देखिन्छ ।जसले गर्दा वित्तीय अनुशासन र पारदर्शिता कायम भएको छैन ।तसर्थ बजेट खर्चलाई पारदर्शिता र पद्धतिमा आधारित बनाउनुपर्दछ ।

अवण्डा बजेटबाट पालिकाले समय समयमा छुट्टै निर्णय गरी कार्यान्वयन गरेका केही योजनाका उदाहारण देहाय अनुसार छन् :

| सि.नं. | योजना तथा कार्यक्रमको नाम | रकम |
|---|---|---|
| १ | विजुली मिटर खरीद | ९०००० |
| २ | तीज विशेष कार्यक्रमको रकम विभिन्न ७ समूहलाई भुक्तानी | १००००० |
| ३ | सशस्त्र प्रहरीको सामान खरीद | ९६००० |

| | | |
|---|---|---|
| ४ | सशस्त्र प्रहरीको सामान खरीद | २८९०० |
| ५ | कृषि फर्मलाई अनुदान | ४४०००० |
| ६ | कृषि अनुदान तथा संस्थागत अनुदान | ३१९६६६ |
| ७ | विभिन्न कृषि फर्महरुलाइ अनुदान | १२५००० |
| ८ | IEE वापतको रकम पार्क इञ्जिनियरिङ सर्भिस प्रालि लाइ भुक्तानी | ४९७२०० |
| ९ | वडा नं ४ मा पाईप खरिद र प्रहरी चौकी भट्टेडाँडाको सवारी साधन मर्मत | ९१८६८ |
| १० | प्युटारमा सौर्य उर्जा लिफ्टिङ सिँचाई परियोजना | २७०००० |
| ११ | २० प्रतिशत लागत साझेदारी | ४००००० |
| १२ | पाईप खरिद | ८४४६७ |
| १३ | विभिन्न कृषि तथा पशुपालन फर्म | ३५५००० |
| १४ | छात्रवृति स्वास्थ्य उपचार अनुदान | २९०४९२ |
| १५ | नेपाल सितेरियो संघलाइ खेलाडीलाइ यातायात खाना र होटल बास खर्च | १२६९४८ |
| १६ | बीमा नवीकरण | २९३७४५ |
| १७ | बीमा नवीकरण | १०६२५५ |
| १८ | पालिकाबाट व्यहोर्नुपर्ने रकम | ३९२४४५ |
| १९ | २० प्रतिशत लागत साझेदारी | ५५५५३५ |
| २० | विभिन्न व्यक्ति तथा फर्मलाई छात्रवृति स्वास्थ्य उपचार अनुदान | ५५६६६५ |

## १५ त्रैमासिक पुँजीगत खर्च

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३५ बमोजिम बजेट तथा कार्यक्रम कार्यान्वयन गर्ने कार्यालयले त्रैमासिक प्रगति विवरण वनाई कार्यसम्पादन गर्नुपर्ने व्यवस्था छ। पालिकाले उपलव्ध गराएको विवरण अनुसार त्रैमासिक पूँजीगत खर्चको स्थिति देहाय बमोजिम छ ।

| बजेट उपशिर्षक | कुल खर्च | त्रैमासिक खर्च | | | | आषाढ महिनाको खर्च |
|---|---|---|---|---|---|---|
| | | प्रथम | दोस्रो | तेश्रो | चौथो | |
| पुँजीगत खर्चतर्फ | १८२०९८१३१ | २३८२७९६५ | १४२१७११० | ३३१२९४६५ | ११०९२३५९१ | ७०७६९१७९ |
| **प्रतिशत** | **१००.००** | **१३.०९** | **७.८१** | **१८.१९** | **६०.९१** | **३८.८६** |

पालिकाले उपलब्ध गराएको विवरणअनुसार वार्षिक रु.१८,२०,९८,१३१।- निकासा भएकोमा प्रथम त्रैमासिकमा रु.२,३८,२७,९६५।(१३.०९ प्रतिशत), दोस्रो त्रैमासिकमा रु.१,४२,१७,११०।(७.८१ प्रतिशत), तेस्रो त्रैमासिकमा रु.३,३१,२९,४६५।(१८.१९ प्रतिशत) र चौथो त्रैमासिकमा रु.११,०९,२३,५९१।(६०.९१ प्रतशित) खर्च गरेको देखिएको छ ।यसरी नै आषाढ महिनामा मात्र रु.७,०७,६९,१७९। (३८.८६ प्रतिशत) खर्च देखिनुले आषाढमा आएर खर्चको चाप बढेको देखिएकाले सन्तुलित खर्च व्यवस्थापन भएको देखिएन । स्वीकृत कार्यक्रम अनुसार चौमासिक रुपमा सन्तुलित खर्च हुने गरी कार्यक्रम कार्यान्वयन गरिनुपर्दछ ।वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप आषाढमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ ।

## १६ खर्च विश्लेषण

पालिकाले यसवर्ष कुल आन्तिरक आयबाट रु.९४,८९,०३४।६७ राजस्व बाँडफाँड र अनुदानबाट रु.५१,४७,३३,८४१।६२ समेत रु.५२,४२,२२,८७६।२९ आम्दानी भएकोमा चालु तर्फ रु.३३,०५,३८,३५८।७५ र पुँजीगततर्फ रु.१८,२०,९८,१३०।९७ र वित्तीय ब्यबस्था तर्फ रु.१,५५,५२,०३१।८७ समेत रु.५२,८१,८८,५२१।५९ खर्च भएको छ। खर्च मध्ये आन्तरिक आयको हिस्सा १.७९ प्रतिशत रहेको छ। यसवर्ष पदाधिकारी सुबिधामा रु.४३,२७,५००। खर्च भएको छ जुन आन्तरिक आयको ४५.६० प्रतिशत रहेको छ । पालिकालाई प्राप्त भएको सबै अनुदान र राजस्व बाँडफाँडको रकमबाट ६३.०५ प्रतिशत चालु र ३४.७३ प्रतिशतमात्र पुँजीगत निर्माणमा खर्च भएको देखिन्छ । यसबाट पालिकाले विकास निर्माण कार्यक्रम सञ्चालनमा न्युन खर्च गरी प्रशासनिक कार्यमा बढी खर्च गरेको देखिन्छ। प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँडको रकम अधिकरुपमा विकास निर्माणमा परिचालन गरिनुपर्दछ ।

## १७ योजना प्राथमिकीकरण

स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा २४ मा स्थानीय तहले आवधिक योजना बनाई लागू गर्नुपर्ने उल्लेख गरेको छ । स्थानीय तहले योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४ को दफा ५.२.४ सँग सम्बन्धित अनुसूची ३ मा आयोजना प्राथमिकीकरणका आधारहरू गरिवी निवारण, उत्पादनमूलक, रोजगारी, लागत सहभागिता, स्थानीय स्रोत र साधन, समावेशी विकास, दिगो र वातावरण संरक्षण र भाषिक र सांस्कृतिक विकास उल्लेख गरेको छ र सोही अनुसार गणना गरी प्राथमिकता आधारमा योजना छनौट गर्नु पर्ने व्यवस्था छ। तर पालिकाले आर्थिक वर्ष २०७९।८० मा निम्नअनुसार ७ वडाको लागि वडागत र पालिकास्तरका कुल २६३ योजनामा वजेट विनियोजन गरेको छ।

| क्र.सं. | कार्यक्रमको नाम | योजना सङ्ख्या | रु.२० लाखमाथिका योजना सङ्ख्या | रु.५ लाखदेखि २० लाख सम्मका योजना सङ्ख्या | रु.५ लाखभन्दा कमका योजना सङ्ख्या |
|---|---|---|---|---|---|
| १ | पालिकास्तरीय | १०२ | ७ | ३७ | ५८ |
| २ | वडास्तरीय | १६१ | ० | १० | १५१ |
| **जम्मा** | | **२६३** | **७** | **४७** | **२०९** |

उपर्युक्त विवरण अनुसार पालिकाले साना र वितरणमुखी योजनाहरु सञ्चालन गरेको देखिन्छ । जसले गर्दा सञ्चालित योजनावाट दीर्घकालिन प्रतिफल प्राप्त नहुनका साथै चालु प्रकृतिका खर्चमा बृद्धि भै लागत प्रभावी नहुने तथा निर्माण कार्यको गुणस्तरमा समेत प्रश्न उठ्ने गरेको छ । त्यसैगरी यो वर्ष सभाले पारित गरेका उल्लेखित योजना मध्ये ११९ योजनामात्र कार्यान्वयन भई १४४ योजना कार्यान्वयन हुन सकेको देखिएन। तसर्थ पालिकाले योजना वस्तुनिष्ठ तवरले प्राथिमिकीकरण र छनौट गरी प्रभावकारी कार्यान्वयन गर्नुपर्दछ ।

## १८ स्थानीय तथ्याङ्क, अभिलेख तथा स्रोत नक्साङ्कन

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ बमोजिम स्थानीयतहले आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्याङ्क सङ्कलन, अभिलेख र सोको व्यवस्थापन गर्नुपर्ने तथा आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अवस्था, प्राकृतिक स्रोत अन्तर्गत खानी, जंगल तथा अन्य स्रोत, पूर्वाधार अन्तर्गत सडक, पुल, खानेपानी लगायतको

अभिलेख तथा श्रोत नक्साङ्कनसहितको पालिकाको प्रोफाइल तयार गर्नुपर्ने व्यवस्था छ ।पालिकाले स्थानीय तथ्याङ्क सम्बन्धी नीति, कानून र सोको मापदण्ड बनाएको तथा स्रोत नक्साङ्कन गरेको देखिएन।स्थानीय तहका प्राथमिकीकरणका क्रियाकलाप सञ्चालनमा तथ्याङ्कले महत्वपूर्ण भुमिका खेल्ने हुँदा सोको सङ्कलन र अभिलेख राख्ने कार्य गर्नपर्दछ ।

## १९ गत वर्षको भुक्तानी

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन,२०७६ को दफा ९ मा बहुवर्षीय खरिद र विशेष परिस्थितिबाट सृजित दायित्वमध्ये आगामी वर्ष भुक्तानी गर्नुपर्ने बाँकी रकम समावेश गरेर बजेट बनाउने व्यवस्था छ। पालिकाले गतवर्षको भुक्तानी दिन बाँकीको खाता तथा कच्चावारी (म.ले.प.फा.नं. २२१) प्रमाणित तथा यस वर्षको बजेटमासमेत गत वर्षको भुक्तानी दिन बाँकीको व्यवस्था गरी रु.१,४३,५५,८८२।१० भुक्तानी दिएको छ।

## २० जिन्सी निरीक्षण

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९९ मा सोही नियमावलीको नियम ९४, ९५ र ९६ बमोजिम जिन्सी मालसामानको लगत खडा गरी राख्नुपर्ने, सोको निरीक्षण गरी प्रतिवेदन तयार गर्नुपर्ने, प्रतिवेदनमा उल्लेखित सामान मध्ये मर्मत गर्नुपर्ने सामान ३ महिना भित्र र लिलाम गर्नुपर्ने सामान ६ महिना भित्र लिलाम गरी सक्नु पर्ने व्यवस्था छ।तर पालिकाले यस वर्ष जिन्सी निरीक्षण गराई प्रतिवेदन तयार गरेको छैन।जसले गर्दा पालिकाको जिन्सीको अवस्था बारे यकिन गर्न सकिएन।नियमावलीको व्यवस्था अनुसार जिन्सी निरीक्षण गराई सोको आधारमा मर्मत सम्भार, लिलामी लगायतका कार्य गरी जिन्सी व्यवस्थापन गर्नुपर्दछ ।

## २१ आर्थिक सहायता

स्थानीय सरकार संचलन ऐन,२०७४ मा स्थानीय तहको रकमबाट आर्थिक सहायता, चन्दा, पुरस्कार एवं संस्थालाई अनुदान वितरण गर्न नहुने व्यबस्था उल्लेख छ।पालिकाले जनतासंग अध्यक्ष कार्यक्रम खर्च शिर्षकबाट आर्थिक सहायता र विभिन्न व्यक्ती तथा संस्थालई अनुदान,अन्य विभिन्न क्षेत्रका खर्च समेत गरी रु ५०,५०,०००। खर्च गरेको छ । एकमुष्ठ जनतासंग अध्यक्ष कार्यक्रममा कार्यक्रम स्वीकृत गरी विभिन्न क्षेत्रमा खर्च भएकोले निश्चित क्षेत्रको खर्चको यकिन गर्न सकिएन।जनतासंग अध्यक्ष कार्यक्रम कार्यान्वयन कार्यविधि २०७७ बनाई लागु गरेता पनि अध्यक्षको तोक आदेशमा आर्थिक सहायता र अनुदान वितरण गर्ने प्रकृयामा वियन्त्रण हुनु पर्ने साथै सम्बन्धित क्षेत्र निर्धारण गरी कार्यक्रम स्वीकृत गरेर मात्र खर्च भुक्तानी गर्नु पर्दछ।यस्ता प्रकृतिका भुक्तानीका केही उदाहरण निम्न अनुसार रहेको छ।

| भौ.नं र मिति | विबरण | भुक्तानी रकम | कैफियत |
|---|---|---|---|
| ४३९, ३।२४ | सवारी साधनको बीमा खर्च | ४००००० | जनतासंग अध्यक्ष कार्यक्रमबाट |
| ३८१, ३।२२ | जनतासंग अध्यक्ष कार्यक्रमबाट आर्थिक सहायता | १०१७१५७ | ४० जनालाई रु ७ हजार देखि ८६,६८०। सम्म |
| ३३२, २।२५<br>१७०, ११।२ | विभिन्न १७ वटा कृषक समुहलाई अनुदान वितरण जनतासंग अध्यक्ष कार्यक्रमबाट | १११५००० | अध्यक्षको तोक आदेशमा |

| | | | |
|---|---|---|---|
| ३३०, २।५ | शिक्षक पारिश्रमिक | ९४२५०० | जनतासंग अध्यक्ष कार्यक्रमबाट |
| १२१, ९।२१ | | | |
| ११९, ९।२० | मोटर बाटो निर्माण | ५७८३९७ | जनतासंग अध्यक्ष कार्यक्रमबाट |
| २४०, १२।१२ | बागमती शौर्यउर्जा लिफ्टिङ सिंचाई परियोजना उस | ९५५ ५३५ | जनतासंग अध्यक्ष कार्यक्रमबाट |

## २२ जिन्सी

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९९ मा सोही नियमावलीको नियम ९४, ९५ र ९६ बमोजिम जिन्सी मालसामानको लगत खडा गरी राख्नुपर्ने, सोको निरीक्षण गरी प्रतिवेदन तयार गर्नुपर्ने, प्रतिवेदनमा उल्लेखित सामान मध्ये मर्मत गर्नुपर्ने सामान ३ महिना भित्र र लिलाम गर्नुपर्ने सामान ६ महिना भित्र लिलाम गरी सक्नु पर्ने व्यवस्था छ।महालेखा नियन्त्रक कार्यालयले २०७७।८।७ मा २०७७।९।७ भित्र सवै तहका कार्यालयहरुलाइ २०७६।७७ सम्मको मौज्दात प्रबिष्टि र जिन्सी निरीक्षण फारम अनिवार्य रुपमा (PAMS)मा प्रविष्ट गर्ने र अनिवार्य रुपमा (PAMS) मा सरकारी सम्पत्तीको लेखाङ्कन गर्न परिपत्र गरेको छ ।यस सम्बन्धि देखिएको व्यहोरा निम्नानुसार छः

- कार्यालयले गत विगत वर्षको मौज्दात रहेका र यस वर्ष खरिद भएका समानहरुको Public Asset Management System (PAMS) मा प्रविष्टी गर्नुपर्नेमा सो गरेको पाइएन ।कार्यालयले सामान खरिद गर्दा हालसम्म Manual दाखिला गरेको छ ।अनिवार्य रुपमा PAMS मा जिन्सी दाखिला गरि जिन्सी प्रतिवेदन तयार गर्नुपर्दछ।
- यस पालिका अन्तर्गतका साविक गाउँ विकास समितिबाट भएका सम्पत्ति हस्तान्तरण सम्बन्धमा अभिलेख अद्यावधिक गरेको छैन ।
- नियमावलीको व्यवस्था अनुसार जिन्सी निरीक्षण गराई सोको आधारमा मर्मत सम्भार, लिलामी लगायतका कार्य गरी जिन्सी व्यवस्थापन गर्नुपर्दछ। जिन्सी निरीक्षण प्रतिवेदनमा उल्लेख भएका सामानहरुको मर्मत तथा लिलाम गरी जिन्सी अद्यावधिक गर्नुपर्दछ ।

## २३ कानुन निर्माण

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने व्यवस्था छ । यस पालिकाले हालसम्म १० वटा ऐन, ६ वटा नियमावली, ६ निर्देशिका, ४० कार्यविधि र १ आचारसंहिता लगायत ६६ वटा कानुन निर्माण गरी कार्यान्यनमा ल्याएको छ ।

## २४ वार्षिक खरिद योजना/गुरुयोजना

सार्वजनिक खरिद ऐन, २०६३ ले सार्वजनिक निकायले तोकेको सीमाभन्दा बढी रकमको खरिद गर्दा तोकिए बमोजिमको खरिद गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्ने व्यवस्था छ।यस्तै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ ले वार्षिक १० करोडभन्दा बढीको खरिद गर्दा गुरुयोजना तयार गर्नुपर्ने नियम ८ ले वार्षिक १० लाखभन्दा बढीको खरिद गर्दा वार्षिक खारिद योजना बनाउनुपर्ने व्यवस्था छ ।यस पालिकाले विभिन्न शीर्षक अन्तर्गत वार्षिक रु.१८,२०,९८,१३०।९७ पूँजीगत खर्च/खरिद निर्माण कार्य गरेको छ ।तर पालिकाले आफ्नो खरिद नियमावली नबनाएको अवस्थामा उक्त ऐन, नियम बमोजिम वार्षिक

खरिद योजना र गुरुयोजना नबनाई खरिद कार्य गरेको देखियो ।अतः पालिकाले उक्त नियमावली बमोजिम खरिद योजना/गुरुयोजना बनाई व्यवस्थित र प्रभावकारी हुने गरी खरिद कार्य गर्नुपर्दछ ।

## २५ तलबी प्रतिबेदन

बागमती प्रदेश स्थानीय सेवा गठन तथा संचालन ऐन,२०७९ को दफा ६९(५) मा कार्यालयले प्रदेश कितावखाना वा प्रदेश लेखा नियन्त्रक कार्यालय वा ईकाईबाट तलबी प्रतिबेदन पारीत नगराई तलब खर्च लेख्न नमिल्ने कुरा उल्लेख छ।साथै संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको च.नं.१८, मिति २०७६।५।१८ को पत्रबाट स्थानीय तहका कर्मचारी र संघबाट कामकाजमा खटिएका कर्मचारीको हकमा सम्बन्धित जिल्लास्थित कोष तथा लेखा नियन्त्रक कार्यालयबाट तलबी प्रतिबेदन पारीत गराउंनु पर्ने स्पष्ट निर्देशन रहेकोमा पालिकाले तलबी प्रतिबेदन पारीत नगराई गाउ कार्यपालिका तर्फका 38 जना स्थायी कर्मचारीहरुको तलब तथा ग्रेड बापतको खर्च रकम रु.२,६९,३६,५६९।०० भुक्तानी गरेको छ।तलबी प्रतिबेदन पारित नगरी खर्च भएको रकम सम्बन्धमा यकिन गर्न सकिएन।तसर्थ ऐन तथा निर्देशन बमोजिम तलबी प्रतिबेदन पारीत गराएर मात्र खर्च लेख्नु पर्दछ ।

## २६ पेस्की बाँकी

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ५० मा पेश्की दिईएको रकम तोकिएको म्याद भित्र फस्यौट गर्नु गराउनु पेश्की लिने दिने दुवै थरिको कर्तव्य हुने उल्लेख छ । पालिकाले निम्न कर्मचारी तथा संस्थालाई दिएको पेश्की आर्थिक वर्षको अन्त्यसम्म फस्यौट नभई रु.६,५०,०००।- बाँकी रहेकोले उक्त पेश्की नियमानुसार फस्यौट गर्नुपर्ने रु.

| सि.नं. | पेस्की लिनेको नाम | पेस्की रकम |
|---|---|---|
| १ | दक्षिण ललितपुर ग्रामीण विद्युत सहकारी संस्था लि. | ५००००० |
| २ | जनक माध्यमिक विद्यालय | १५०००० |
| **जम्मा** | | **६५००००** |

| | |
|---|---|
| पेश्की | ६,५०,००० |

## २७ भ्रमण अवधिको बैठक भत्ता

भ्रमण खर्च नियमावली,२०६४को नियम ७ को ११ मा सरकारी कामको सिलसिलामा भ्रमणमा रही दैनिक भत्ता उपभोग गर्ने पदाधिकारी वा कर्मचारीले दैनिक भत्ता उपभोग गरेको अवधिभर फिल्ड भत्ता, बैठक भत्ता, तालिम भत्ता, स्थानीय भत्ता वा अन्य कुनै किसिमको भत्ता नपाउने उल्लेख छ।पालिकाले भौचर नं ३९४,३।३१ बाट वडा अध्यक्ष राम कुमार लामालाई मिति २०७९।१२।१७ देखि २३ सम्म चितवन भ्रमण रहेको अवधिमा मिति २०७९।१२।२२ र २३ को प्र.अ. बैठक भत्ता रु.२०००।- भुक्तानी गरेको देखियो।नियम विपरितको दोहोरो सुविधा कर पछिको रकम असुल हुनुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | १,७०० |

## २८ भ्रमण खर्च

भ्रमण खर्च नियमावली, २०६४ अनुसार कार्यलयले दैनिक भ्रमण खर्च दिनुपूर्व भ्रमण गर्ने उदेश्य स्पष्ट हुनुपर्दछ ।भ्रमण गर्नुपर्ने अवस्था भएपछि स्वीकृत भ्रमण आदेश अनुरुप भ्रमण गर्ने पदाधिकारीले भ्रमण गरि कार्यालयमा फर्केको ३५ दिन भित्र भ्रमण को उपलव्धी सहितको प्रतिवेदन पेश गर्नुपर्दछ।यसवर्ष कार्यालयले उपलव्ध गराएको विवरण अनुसार रु. २० लाख ८८ हजार भ्रमण र अनुगमन खर्च भएको छ । भ्रमण खर्च गरेको खर्च सम्वन्धी केही फाँटवारी परीक्षण गर्दा भ्रमण गर्ने पदाधिकारी र कर्मचारीले भ्रमण प्रतिवेदन पेश नगरेकोले भ्रमणको उपलव्धी मापन गर्न सकिने आधार देखिएन।भ्रमण खर्चलाइ आवश्यकताको आधारमा भन्दा सुविधाको आधारमा खर्च लेख्ने परम्पराले सरकारी खर्चको मितव्ययीतामा जोखिम देखियो ।यस्तो खर्चगर्ने परीपाटीमा नियन्त्रण गरी अत्यावश्यक कार्यमा मात्र भ्रमण खर्च भुक्तानी गर्नु पर्दछ ।अनुगमन तथा भ्रमण खर्च सम्बन्धमा देखिएका थप व्यहोराहरु निम्न छन।

- भ्रमणको उद्देश्यमा कार्यालय सम्बन्धी काम भनि उल्लेख गरेको छ । तर त्यस्तो काम गरेको प्रमाणित हुने कागजात भ्रमण बिलमा संलग्न गरेको छैन ।
- नियमानुसार भ्रमण अभिलेख खाता नरहेकाले पदाधिकारी तथा कर्मचारीको भ्रमण सम्बन्धी एकिकृत विवरण प्राप्त हुन सकेन ।
- भ्रमण पश्चात् तोकिए बमोजिम भ्रमण प्रतिवेदन पेश नगरी अधिकांश भ्रमणको भ्रमण खर्च भुक्तानी गर्ने गरेको छ ।
- स्पष्ट प्रयोजन बेगर पदाधिकारी तथा कर्मचारीहरुको ७ दिन सम्मको भ्रमण आदेश स्वीकृत गरी भुक्तानी लिने गरेको छ ।

## २९ संचार खर्च

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ८६ को (१) मा स्थानीय सेवाको गठन, संचालन व्यबस्थापन, सेवाको शर्त तथा सुविधा सम्बन्धि आधारभुत सिद्धान्त र मापदण्ढ संघीय कानुन बमोजिम हुने, दफा ८६(२) मा स्थानीय सेवाको गठन, संचालन तथा व्यबस्थापन, सेवाको शर्त तथा सुविधा सम्बन्धि अन्य व्यबस्था स्थानीय तहले बनाएको कानुन बमोजिम हुने व्यबस्था छ ।पालिकाले विभिन्न मिति र भौचर नं बाट पालिकाको शाखा प्रमुख कर्मचारीहरुलाई संचार खर्च उल्लेख गरी २० देखि २३ वटा विभिन्न मोबाईल नम्बरहरुमा रिचार्ज गरेको विबरण समावेश गरी संचार खर्च रु १,१२,६००।भुक्तानी गरेको छ।रिचार्ज भएका मोबाईल नम्बरहरु सम्बन्धित शाखा प्रमुख कर्मचारीहरुकै हो भन्ने विबरण समेत समावेश नगरी खर्च भएको देखियो।यसरी संचार खर्च भुक्तानी गर्दा सम्बन्धित कर्मचारीको जनसम्पर्क, कर्मचारीको कार्य क्षेत्र र बास्तविक संचार खर्चलाई मात्र आधार बनाई कार्यविधि निर्धारण गरी खर्च गर्नु पर्दछ ।

## ३० सोझै खरिद

सार्वजनिक खरिद नियमावली, २०६४ मा खरिद कार्य गर्दा प्रतिस्पर्धा सिमित हुने गरी टुक्रा टुक्रा गरी गर्न नहुने तथा सोही नियमावलीको नियम ८५(१ख) मा एक आर्थिक बर्षमा एकै पटक वा पटक पटक गरी उल्लेखित सिमा भन्दा बढी रकमको एउटै व्यक्ती, फर्म, कम्पनी वा संस्थाबाट सोझै खरिद गर्न नहुने व्यबस्था उल्लेख छ ।पालिकाले बार्षिक कार्यक्रम अनुसार खरिद योजना तयार गरी मिल्दो खरिद कार्यको प्याकेज बनाई सिलबन्दी दरभाउपत्र र बोलपत्रको माध्यमबाट खरिद गर्नु पर्नेमा मसलन्द तथा कार्यालय सामाग्री

खरिद कार्य गर्दा नियम बिपरित टुक्रा पारी रु ३२ लाखको मसलन्द तथा कार्यालय सामाग्री सोझै खरिद गरेको देखियो। खरिद कार्यलाई थप प्रभावकारी र मितव्ययी बनाउंन प्रतिस्पर्धात्मक विधिबाट खरिद गरी खर्च लेखुपर्दछ।

३१ **बढी भुक्तानी**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ को ५ मा सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टि गर्ने विल, भर्पाई, प्रमाण र कागजात संलग्न हुनु पर्ने व्यवस्था उल्लेख छ। पालिकाले भौचर नं ४५३,३।३१ मा एकनाथ बजगाईको पानी तथा विजुली वापतको खर्चको रु १,००,०००।पेश्की फछ्र्यौटमा वील भर्पाई रु ८७,०००।को मात्र समावेश गरी फछ्र्यौट गरेको देखियो। वील भर्पाई भन्दा बढी रकमको पेश्की फछ्र्यौट भएकोले बढी रकम रु.१३०००।- असुल हुनुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | १३,००० |

३२ **पेश्की रकम**

**.......... (प्रारम्भिक प्रतिवेदन उपर ऋषिराम बुढाथोकी को पेश्की फछ्र्यौटको प्रमाण पेश भएको आधारमा मिति २०८०।१२।०९ को निर्णयबाट रु.७,००,०००।- सम्परीक्षण गरिएको ।)**

३३ **सवारी साधन भाडा**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८६ को १(घ) मा सेवा प्रदायकबाट प्रस्ताव गरिएको मुल्य उचित भए वा नभएको यकिन गरेर मात्र सार्वजनिक निकायले खरिद कार्य गर्नु पर्ने व्यबस्था उल्लेख छ। पालिकाले यस बर्ष सवारी साधन तथा मेसेनरी औजार भाडामा रु १४ लाख ८३ हजार खर्च गरेको छ। यस खर्च शिर्षकको अषाढ महिनाको भौचर परीक्षणमा सवारी चालकले पेश गरेको निबेदनको आधारमा सम्झौता समेत नगरी एकै स्थानमा एउटै प्रयोजनमा फरक फरक दरमा सवारी साधन भाडा भुक्तानी गरेको देखियो। खरिद कार्यलाई ऐन तथा नियमावली बमोजिम थप प्रभावकारी र मितव्ययी बनाउंन प्रतिस्पर्धात्मक विधिबाट निश्चित दुरीको मुल्य निर्धारण गरेर सम्झौता बमोजिम खरिद गरी खर्च लेखुपर्दछ। यस्ता प्रकारका खर्चका केही उदाहरण निम्न अनुसार रहेको छ।

| भौ.नं र मिति | खर्च रकम | सवारी साधन | विबरण | कैफियत |
|---|---|---|---|---|
| ४०९, ३।२० | ५४००० | बा १४ च १८७४ गिम्दी | सामाजिक सुरक्षा भत्ता वितरण कार्य | वडा नं ७ गिम्दीमा आतेजाते ४०००। माल्टामा १००००।र आश्राङमा २००००। |
| | | बा ७ च ४३८५ माल्टा | | |
| | | ना १ ज ३९२८ आश्राङ | | |
| ३९२, ३।१२ | ५४००० | बा २ च ६२८१ गिम्दी | सामाजिक सुरक्षा भत्ता वितरण कार्य | आतेजाते १५०००। |
| | | बा २ च ८५९२ गिम्दी | | आतेजाते १४५००। |
| | | | | सवारी चालकले पेश गरेको निबेदनको आधारमा भुक्तानी |

## ३४ एकल पुरुष भत्ता

स्थानीय सरकार संचालन ऐन,२०७४ को दफा २४ मा स्थानीय तहले योजना तथा कार्यक्रम बनाउँदा आर्थिक विकास, उत्पादनमुलक, रोजगारी श्रृजना हने, स्रोत साधन र शीपको उच्चतम् सदुपयोग हुने र दीर्घकालिन प्रतिफल उपलब्धि हुने खालका योजना तथा कार्यक्रम बनाई लागु गर्नु पर्ने व्यबस्था उल्लेख छ। पालिकाले कार्यक्रम कार्यन्वयनमा वितरणमुखी कार्यक्रमलाई प्राथमिकता निर्धारण गरी गत विगत आ.व. देखि नै संचालन गरेको एकल पुरुष भत्ता कार्यक्रमा यस बर्ष रु ९ लाख ५४ हजार खर्च गरेको छ। निस्चित उमेर पुगे पछि संघीय सरकारद्धार सामाजिक सुरक्षा भत्ताको व्यबस्था रहेकोमा पालिकाले ५० देखि ५९ बर्षका उमेर समुहका श्रम गर्न योग्य जनशक्तिलाई मासिक रु १५०० का दरमा भत्ता वितरण गर्ने कार्यले थप व्ययभार परेको छ। तसर्थ पालिकाले सरकारी रकमको खर्चमा मितव्ययीता र औचित्यको आधारमा दीर्घकालिन पुजिबृद्धि गर्ने कार्यक्रमको तर्जुमा गरी कार्यान्वियन गर्नतर्फ ध्यान दिनु पर्दछ।

## ३५ तिज कार्यक्रम

आर्थिक कार्यविधि तथा वित्तीयउत्तर दायित्व नियमावली,२०७७ मा सरकारी रकम खर्च गर्दा मितव्ययीता अपनाउनु पर्ने व्यबस्था उल्लेख छ साथै स्थानीय सरकार संचालन ऐन,२०७४ को दफा ७३(६) मा स्वीकृत बजेट खर्च गर्दा मितव्ययीता कार्यदक्षता प्रभावकारीता र औचित्य समेत कायम गर्न आवश्यक व्यबस्था मिलाउनु पर्ने उल्लेख । पालिकाले जनतासंग अध्यक्ष कार्यक्रमबाट तिज विशेष कार्यक्रमका लागि ५ वटा विभिन्न सहकारी संस्था तथा अन्य व्यक्तीहरुलाई तिज कार्यक्रम संचालनमा खर्च भएको खाद्यान्नको तथा खाजा, खाना खर्चको बिल समावेश गरी रु २,५०,००० । भुक्तानी गरेको छ। सरकारी रकमको मितव्यययीता तथा औचित्यतता समेतलाई ध्यानमा राखी उपलब्धी विनाको खर्च रकम भुक्तानीमा सुधार गर्नु पर्दछ।

## ३६ नाफामुलक संस्थालाई भुक्तानी

स्थानीय सरकार संचालन ऐन,२०७४ मा वितरणमुखी खर्च नियन्त्रण गर्दै संघ प्रदेश तथा स्थानीय सरकारको रकम पुर्वाधार विकास तथा दीर्घकालिन पुजी निर्माण हुने कार्यमा खर्च गर्नु पर्ने व्यबस्था उल्लेख छ। पालिकाले नाफा कमाउँने उद्धेश्यले स्थापित संस्थाहरुलाई निम्न भौचर नं बाट अनुदान भुक्तानी गरेको देखियो। नाफामुलक संस्थालाई भुक्तानी भएको अनुदान खर्च रकम नियमसम्मत नदेखिएको रु.

| भौचर नं र मिति | भुक्तानी पाउँने | प्रयोजन | रकम |
|---|---|---|---|
| ४३६, ३।२४ | जिविका महिला तरकारी उत्पादक सहकारी संस्था लि वडा नं ७ | कार्यालय व्यबस्थापन खर्च | १००००० |
| ३३८, २।१० | दक्षिण ललितपुर ग्रामिण विद्यूत सहकारी संस्था लि | गढी भञ्ज्याङ खानेपानी योजनाको ट्रान्स्फरमर खरिदको विल भुक्तानी | ७४९९७४ |
| **जम्मा** | | | **८४९९७४** |

| | |
|---|---|
| अनियमित भएको | ८,४९,९७४ |

### ३७ कृषि पशु अनुदान

सार्वजनिक निकायबाट उपलब्ध गराएको अनुदानको सही सदुपयोग भए नभएको यकिन गर्न अनुदान उपलब्ध गराउने निकायले समय समयमा अनुगमन गर्नु पर्दछ ।पालिकाले कृषि तथा पशु कार्यक्रमा रु १ करोड ६० लाख ८९ हजार कुल अनुदान खर्च गरेकोमा, कृषि तथा पशु प्रबर्द्धन कार्यक्रम, विभिन्न कृषि पकेट कार्यक्रम,कृषि सामाग्री खरिदमा दिएको निम्न बमोजिमको अनुदान रमकको पालिकाबाट सही सदुपयोग भए नभएको सम्बन्धमा अनुगमन तथा सोबाट प्राप्त उपलब्धी मापन गरेको छैन। साथै अनुदान सम्बन्धमा स्पष्ट स्थानीय अनुदान नीति तथा कार्यविधि नबनाई भुक्तानी भएको र प्लास्टिक टनेल र बाख्रका खोर निर्माणका लागि सामाग्री वितरण भएकोमा निर्माण सम्पन्न भएको नापजाच सहितको प्रमाण संलग्न भएको देखिएन। तसर्थ पालिकाले अनुगमनलाई प्रभावकारी बनाई संघ, प्रदेश तथा स्थानीय तह र वडा मार्फत वितरण हुने अनुदानमा दोहोरोपना नहुने गरी स्पष्ट कार्यविधि बनाई आवश्यकता अनुसार प्राविधिक मुल्यांकन गरेर मात्र दिनु पर्दछ।

| कार्यक्रमको नाम | खर्च रकम | कैफियत |
|---|---:|---|
| पशु कार्यक्रम | १०००००० | संघीय ५० प्रतिशत अनुदानमा |
| खुवा प्रबर्द्धन कार्यक्रम | | |
| दुधमा आत्मनिर्भरता कार्यक्रम | ६७०००००० | संघीय ५० प्रतिशत अनुदानमा |
| गाई भैंसी प्रबर्द्धन कार्यक्रम | ६००००० | प्रदेशको ५० प्रतिशत अनुदानमा |
| बाख्रा पालन कार्यक्रम | ७००००० | ५० प्रतिशत अनुदानमा |
| कृषि कार्यक्रम तर्फः | ६००००० | संघीय ५० प्रतिशत अनुदानमा |
| तरकारी पकेट विकास निरन्तरता | | |
| नयाँ तरकारी पकेट विकास स्थापना | ११५८००० | संघीय ५० प्रतिशत अनुदानमा |
| तरकारी विउ उत्पादन कार्यक्रम | १२२४००० | संघीय ५० प्रतिशत अनुदानमा |
| लसुन प्याज मिसन कार्यक्रम | ५६६००० | पालिकाको ५० प्रतिशत अनुदानमा |
| कृषि औजार वितरण कार्यक्रम | १२३८००० | पालिकाको ५० प्रतिशत अनुदानमा |
| सामुहिक कृषि खेती कार्यक्रम | ४८५००० | पालिकाको ५० प्रतिशत अनुदानमा संचालन उल्लेख भएता पनि उक्त कार्यक्रमको सामान खरिदको विल पेशका आधारमा मात्र भुक्तानी भएकोले सम्बन्धित कार्यक्रम सम्पन्न भयो वा भएन यकिन गर्न सकिएन। |
| जम्मा | १६०८९००० | |

### ३८ जिन्सी

**........... (प्रारम्भिक प्रतिवेदन उपर जिन्सी दाखिलाको प्रमाण पेश भएको आधारमा मिति २०८०।१२।०९ को निर्णयबाट रु.५२,३८,३८७।- सम्परीक्षण गरिएको ।)**

### ३९ पाईप खरिद

सार्वजनिक खरिद नियमावली,२०६४ को नियम १२३ को (१)ख मा सार्वजनिक निकायले रनिङ बिल वा अन्य कुनै विल विजकको भुक्तानी गर्दा प्राविधिक नाप जाँच गरी नापी किताबमा उल्लेख भएको बास्तबिक कार्य सम्पादनको आधारमा रकम भुक्तानी गर्नु पर्ने उल्लेख छ। पालिकाले निम्न बमोजिमका विभिन्न साईजका

पाईप खरिद गरि वितरण गरेकोमा वितरित पाईपहरुको प्रयोग तथा नापी मुल्यांन सहितको विबरण संलग्न भएको दखिएन। खरिद प्रकृयाका विबरणहरु मात्र समावेश गरी भुक्तानी भएको कार्यमा खरिद भएका पाईपहरु कसलाई, कुन स्थानमा र कति मात्रामा प्रयोग भएको हो सो को कार्य सम्पन्न पश्चातको प्राविधिक मुल्यांकन सहितको प्रमाण पेश हुनुपर्ने रु.

| भौ नं र मिति | विबरण | कैफियत | भुक्तानी रकम |
|---|---|---|---|
| २५५, १२।२० | GI pipe NS Heavy 6 m lenth 2 inch १ थान लगायतका ५ आईटम्सका पाईप खरिद | सातकन्या स्वच्छ खानेपानी उसको लागि खरिद उल्लेख | ८४४६७ |
| ६६, ७।२५ | विभिन्न साईजका पाईप खरिद | वडा नं ४ मा वितरण उल्लेख भएतापनि वितरण भर्पाई समेत संलग्न नभएको | ९१८६८ |
| **जम्मा** | | | **१७६३३५** |

**(प्रारम्भिक प्रतिवेदन उपर वडा नं ४ को प्रमाण पेश भएको आधारमा मिति २०८०।१२।०९ को निर्णयबाट रु.३,८७,८९८।- सम्परीक्षण गरिएको ।)**

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १,७६,३३५ |

## ४० औषधि खरिद

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५ को उपनियम १(क) मा बिस लाख रुपैयाँसम्मको औषधिजन्य मालसामान उत्पादकले राष्ट्रिय स्तरको समाचार पत्रमा सूचना प्रकाशन गरी तोकेको बिक्री मूल्यमा सोझै खरिद गर्न सकिने व्यवस्था छ ।पालिकाले उक्त प्रक्रियावेगर भौचर नं ३५१,२।३१मा रु.९ लाख ४८ हजारका औषधि खरिद गरेको छ। आपूर्ति भएका औषधि डव्लु.एच.ओ. सटिफइड हुनुपर्ने, औषधिको उत्पादन मिति, ब्याच नं र म्याद समाप्त मिति उल्लेख गरी सम्बन्धित विषय विज्ञबाट मुचुल्का उठाई राख्नु पर्नेमा सो विपरित पालिकाले मेडिगोल्ड ईन्टरनेशनल प्रा लि बाट Amoxycilin 500 mg 20000 tab लगायत ६४ आईटम्सका औषधि खरिदका वीलमा व्याच नं र समाप्ती मिति उल्लेख नभएको औषधि खरिद गरेको छ। खरिद बीलमा कुन मितिसम्म औषधि उपभोग योग्य छ भन्ने व्यहोरा नखुलेकोले खरिद भएका औषधि तोकिएको गुणस्तकै हो भन्नेमा विश्वस्त हुन सकिएन। तसर्थ तोकिएको मापदण्ड र प्रकृया पुरा गरी गुणस्तरिय औषधि खरिद कार्य गर्नु पर्दछ।

## ४१ कार्य सम्पन्न प्रतिबेदन

सार्वजनिक खरिद नियमावली,२०६४ को नियम १२५ मा निर्माण कार्य सम्पन्न भए पश्चात कार्य सम्पन्न प्रतिबेदन पेश गर्नु पर्ने व्यबस्था उल्लेख छ। पालिकाले काउसे बेशी स्याल्थुम झोलुङ्गेपुल निर्माण उ स लाई भौचर नं १६,६।४ बाट अन्तिम रनिङ वील रु ३,९२,५५४। भुक्तानीमा कार्यसम्पन्न प्रतिबेदन बेगर भुक्तानी गरेको देखियो। लागत अनुमान रु ७६,३३,९४६।मा ०७६।७।६ मा निर्माण शुरु भएको उक्त झोलुङ्गेपुलको मिति २०७९।४।१६ मा निर्माण सम्पन्न उल्लेख भएता पनि पालिकाबाट व्यहोर्नु पर्ने रकम

अध्यक्षको तोंक आदेशमा भुक्तानी उल्लेख भई कार्यसम्पन्न प्रतिबेदन बेगर भुक्तानी भएकोले निर्माण कार्य सम्पन्न भयो वा भएन यकिन हुन सकिएन। तसर्थ निर्माण कार्यको आस्वश्तताका लागि कार्य सम्नपन्न प्रतिबेदन संलग्न गरी भुक्तानी गर्नु पर्दछ।

## ४२ बैठक भत्ता

अर्थ मन्त्रालयको कार्यसंचालन निर्देशिका,२०७७ को आठौं संशोधन २०७९ को बुँदा नं ७.१.१ मा बैठक भत्ता भुक्तानी गर्दा बैठकको विषय बस्तु र गम्भीरताको यकिन गरेर कानुन अनुसार गठन भएको समितिका लागि मात्र बैठक भत्ता दिन मिल्ने,कार्यालय समयमा बसेको बैठकको भत्ता लिन नमल्ने व्यबस्था उल्लेख छ। पालिकाले यस वर्ष कर्मचारी र पदाधिकारी बैठक भत्तामा रु ७ लाख ३९ हजार खर्च गरेको छ। बैठक भत्ताको केही भौचर परीक्षणमा कार्यपालिका बैठक, खरिद समितिको बैठक, मुल्यांकन समितिको बैठक तथा विभिन्न विषयगत शिर्षकको बैठक विहान, बेलुकाको समय र कार्यालय समयमा बसेको बैठकको समेत बैठक भत्ता भुक्तानी गरेको छ। तसर्थ आवश्यकताको आधारमा भन्दा पनि भत्ता प्रयोजनको लागि बैठक बस्ने कार्यमा सुधार गरी बैठकको बिषय बस्तु र गम्भीरताको आधारमा बैठक बसी तोकिएको मापदढण्डको पालना गरी मितव्ययी रुपमा बैठक खर्च भुक्तानी गर्नु पर्दछ। बैठक भत्ता भुक्तानीका केही उदाहरण निम्न बमोजिम रहेको छ।

| भौचर नं र मिति | बैठक | विवरण | भत्ता रकम |
|---|---|---|---|
| ३८९,३।११ | नियमित बैठक उल्लेख | बैठकको विषय, कुन समितिको बैठक उल्लेख नभएको | २५०५०० |
| ३८७,३।११ | स्वास्थ्य तर्फका पदपूर्ति समितिको बैठक | संयोजक रामदत्त भट्ट लगायत ३ जना समितिमा | ११५५०० |
| | | आमन्त्रितमा ५ जना | |
| | | कार्यालय समयमा बसेको बैठकको समेत भत्ता भुक्तानी । मिति ०७९।११।३० मा दिउसो ३ वजे र ०८०।२।२ मा दिउसो ३ वजे । | |
| ५६,७।१७ | मुल्यांकन समितिको र कृषि शाखाको बैठक | कति जनालाई कुन दरमा भत्ता भुक्तानी भएको हो सो को भर्पाई समेत संलग्न नगरी खर्च भुक्तानी, सुवास खनाललाई रु.५१६००।— समेत | १७९१०० |

## ४३ पोशाक खर्च

जनप्रतिनिधि पोशाक खर्चः बागमती प्रदेश सरकारद्धारा प्रकाशित स्थानीय तहका पदाधिकारी तथा सदस्यको सेवा सुविधा सम्बन्धि ऐन,२०७५को (पहिलो संशोधन) मा स्थानीय पदाधिकारीहरुले पोशाक खर्च पाउने व्यबस्था उल्लेख भएको छैन । भौचर नं १९०,११।१५ मा पालिकाले ऐन विपरित निम्न ३६ जना जनप्रतिनिधिहरुलाई रु १० हजारका दरमा पोशाक खर्च रु.३,६०,०००।- वितरण गरेको देखियो ।तसर्थ नपाउने सुविधा रकम सम्बन्धितबाट असुल हुनुपर्ने रु.

| सि नं | पद | नाम | कर पछिको रकम |
|---|---|---|---|
| १ | अध्यक्ष | विर बहादुर लोप्चन | ९९०० |
| २ | उपाध्यक्ष | भक्त बहादुर दर्लामी मगर | ९९०० |
| ३ | १नं वडा अध्यक्ष | ज्ञान बहादुर लो | ९९०० |
| ४ | २नं वडा अध्यक्ष | राम बहादुर भोलुन तामाङ | ९९०० |
| ५ | ३नं वडा अध्यक्ष | नबराज खड्का | ९९०० |

| | | | |
|---|---|---|---|
| ६ | ४नं वडा अध्यक्ष | राम कुमार लामा | ९९०० |
| ७ | ५नं वडा अध्यक्ष | नवराज तिमल्सिना | ९९०० |
| ८ | ६नं वडा अध्यक्ष | नारायण बहादुर भोम्जन | ९९०० |
| ९ | ७नं वडा अध्यक्ष | होम प्रसाद बजगाई | ९९०० |
| १० | कार्यपालिका सदस्य | सुनमाया थिङ | ९९०० |
| ११ | कार्यपालिका सदस्य | सरस्वती मोक्तान | ९९०० |
| १२ | कार्यपालिका सदस्य | सुशिला सुनार | ९९०० |
| १३ | कार्यपालिका सदस्य | भीम कुमारी मोक्तान लामा | ९९०० |
| १४ | कार्यपालिका सदस्य | रमेश घले | ९९०० |
| १५ | कार्यपालिका सदस्य | राजु कालिकोटे | ९९०० |
| १६ | वडा सदस्य | संगिता नेपाली | ९९०० |
| १७ | वडा सदस्य | आशिष भुलुन | ९९०० |
| १८ | वडा सदस्य | श्याम बहादुर लोप्चन | ९९०० |
| १९ | वडा सदस्य | रुपा परियार | ९९०० |
| २० | वडा सदस्य | चन्द्र बहादुर भुलुन | ९९०० |
| २१ | वडा सदस्य | राम कृष्ण तिमल्सिना | ९९०० |
| २२ | वडा सदस्य | पुष्पा थिङ तामाङ | ९९०० |
| २३ | वडा सदस्य | वीर बहादुर स्याङ्तान | ९९०० |
| २४ | वडा सदस्य | सुनमाया घलान | ९९०० |
| २५ | वडा सदस्य | मिना थापा वि क | ९९०० |
| २६ | वडा सदस्य | राकेश तामाङ | ९९०० |
| २७ | वडा सदस्य | रोम प्रसाद दाहाल | ९९०० |
| २८ | वडा सदस्य | सरिता वि क | ९९०० |
| २९ | वडा सदस्य | दिपक सिंगार | ९९०० |
| ३० | वडा सदस्य | सिता माय सिंगार | ९९०० |
| ३१ | वडा सदस्य | पार्वती विश्वकर्मा | ९९०० |
| ३२ | वडा सदस्य | जयराम मुक्तान | ९९०० |
| ३३ | वडा सदस्य | रमिला ब्राम्हु | ९९०० |
| ३४ | वडा सदस्य | बालकुमारी विश्वकर्मा | ९९०० |
| ३५ | वडा सदस्य | जय बहादुर भुलुन | ९९०० |
| ३६ | वडा सदस्य | मदन आले | ९९०० |
| **जम्मा** | | | **३५६४००** |

| | |
|---|---|
| असुल गर्नुपर्ने | ३,५६,४०० |

४४ **अन्य निकायको खर्च**

नेपाल सरकार मातहतका सवै निकायहरुको आबश्यक कार्यक्रमका लागि आबश्यक बजेट व्यबस्था गरेको हुन्छ ।जुन रकम नपुग भएमा तालुक निकायसंग नै माग गर्नु पर्दछ ।तर पालिकाले देहायको भौचरबाट

आफ्नै बजेट विनियोजन भएको निकायको कार्य प्रयोजनको लागि भुक्तानी गरेको देखियो। पालिकाले गृहमन्त्रालयको स्वीकृति वेगर सुरक्षा निकायसंग सम्बन्धित विभिन्न खर्चको बील भुक्तानी गरेकोले यस्ता प्रकारका भुक्तानी रकम नियम सम्मत नभएको रु.

| भौ.नं र मिति | विवरण | भुक्तानी | रकम |
|---|---|---|---|
| ३२९,२।५ | मोटरसाईकल मर्मतको बील भुक्तानी | प्रहरी चौकी आश्राङ | २१५०० |
| ११६,९।२० | सामान खरिदको बील भुक्तानी | शसस्त्र प्रहरी कार्यालयका लागि | १२४९०० |
| ६७,८।६ | सहयोग भुक्तानी | प्रहरी बृत चापागाउँ | ३५००० |
| ६६,७।१५ | मर्मत खर्च र दशै खर्च भुक्तानी | प्रहरी चौकी भट्टेडाडा | ५११०० |
| १६३, ३।२० | फर्निचर खरिद | घुसेल स्वास्थ्य चौकी | १४८५९५ |
| १५८, ३।२० | फर्निचर खरिद | प्रहरी चौकी आश्राङ र गिम्दी | १०५२४५ |
| १५५, ३।६ | फर्निचर खरिद | माल्टा कृषि सहकारी र शुभ विहानी कृषि सहकारी संस्था लि | १२३७३५ |
| १०५, २।८ | मर्मत | प्रहरी चौकी आश्राङ | १४५५०० |
| **जम्मा** | | | **७,५५,५७५** |

| | |
|---|---|
| अनियमित भएको | ७,५५,५७५ |

## ४५ करारमा कर्मचारी

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३(८) मा पालिकाले प्रहरी, सवारी चालक, सयश, कार्यालय सहयोगी, पलम्बर, इलेक्टीसियन, चौकिदार, मालि, बगैंचे लगायतका पदमा मात्र करारवाट सेवा लिन सकिने व्यवस्था उल्लेख छ। साथै स्थानीय सेवा गठन तथा संचालन ऐन,२०७९ को दफा ९(१४) मा कम्प्यूटर अपरेटर, सवारी चालक, कार्यालय सहयोगी र चौकीदार को लागि दरबन्दी भित्र रही व्यक्तीसंग करार गरी सेवा करारमा र ईलेक्ट्रीसियन, प्लम्बर र यस्तै काम गर्ने अन्य पदका दरबन्दीभित्र नपर्ने पदमा संस्थासंग करार गरी सेवा सम्पादन गराउन सकिने व्यहोरा उल्लेख छ। सो बिपरीत पालिकाले सुचना प्रविधि अधिकृत, सहायक कर्मचारी ,कानूनी सल्लाहकार , कर संकलक लगायतका गरी ३३ जना करारमा कर्मचारी नियुक्ती गरी रु १ करोड ०५ लाख ४३ हजार खर्च गरेको छ ।पालिकाले स्वीकृत दरबन्दीको अधिनमा रही आवश्यक जनशक्तीको संख्या निर्धारण गरेर मात्र प्रदेश लोकसेवा आयोगमा रिक्त दरबन्दिको माग पठाई योग्यता प्रणालीको आधारमा कर्मचारी नियुक्ती गरिनुपर्दछ ।

## ४६ यातायात खर्च

अर्थ मन्त्रालयको कार्यसंचालन निर्देशिका,२०७७ को आठौं संशोधन २०७९ को बुदा नं ७.१.१५ मा सार्वजनिक यातायत नचल्ने स्थानमा आतेजाते गरी २ दिन सम्मको एक मुष्ट रु.२००।- र सो भन्दा माथि जतिसुकै दिनको कार्यक्रम भएपनि रु.५००।- सहभागी यातायात खर्च पाउने व्यबस्था उल्लेख छ। पालिकाले कार्यक्रममा सहभागी व्यक्तीका साथसाथै जनप्रतिनिधि तथा पालिकाका कर्मचारीलाई पालिका सभाहलमा कार्यक्रम संचालन गरी निम्न अनुसारको सहभागी यातायात खर्च भुक्तानी गरेको छ। अधिकांश कार्यक्रहरुमा दिवश कार्यक्रम र घोषणा कार्यक्रम रहेकोमा उक्त कार्यक्रममा चिया, खाजा र भत्तामा खर्च भएको

देखियो। पालिकाको सभाहलमा कार्यक्रम संचालन र पालिकाको सवारी साधन प्रयोग कर्तालाई पनि सहभागी यातायत भुक्तानीले पालिकालाई थप व्ययभार परेकोले यस्ता प्रकारका खर्चमा नियन्त्रण हुनुपर्दछ ।

| भौ.नं र मिति | कार्यक्रम | विबरण | खर्च रकम |
|---|---|---|---|
| ३७६, ३।७ | बालमैत्री स्थानीय तह घोषणा सम्बन्धि अभिमुखीकरण कार्यक्रम | ३।४ मा पालिकाको सभाहलमा संचालन। ४७ जनालाई रु ५००।को दरमा यातायत खर्च भुक्तानीमा अध्यक्ष विर बहादुर लोप्चन, उपाध्यक्ष भक्त ब दर्लामी , प्र.प्र.अ. रामदत्त भट्ट, ले.अ. दण्डपाणी पौडेल लगायत पालिकाका १८ जना कर्मचारीलाई यातायत खर्च भुक्तानी रु.९०००। भएको । | ७७४०० |
| ३१६, २।२ | जे ना सम्मान र सहकारी संस्थाको अन्तरकृया कार्यक्रम | १।३१ मा पालिकाको सभाहलमा ३२ जनाको सहभागीमा कार्यक्रम संचालन भई रु ५००।को दरमा यातायात खर्च भुक्तानीमा अध्यक्ष , उपाध्यक्ष , प्र प्र अ , ले अ लगायत पालिकाका १४ जनालाई समेत यातायात खर्च भुक्तानी रु ७००० । | ७४४७५ |
| ३०६, २।१ | लैंगिक बजेट निर्माण सम्बन्धि कार्यक्रम १।११ देखि १४ सम्म | पालिका सभाहलमा २३ जनाको उपस्थितिमा कार्यक्रम संचालन ।पालिकाको १८ जना कर्मचारी र जनप्रतिनिधिलाई यातायात खर्च भुक्तानी रु. ९०००। | ९५००० |
| २४३, १२।१४ | अन्तराष्ट्रिय महिला दिवश कार्यक्रम ११ २३ मा | पालिकाको सभाहलमा ४० जनाको उपस्थितिमा दिवस कार्यक्रम संचालन । पालिका अध्यक्ष सहित २३ जना कर्मचारी र जनप्रतिनिधिलाई यातायात खर्च भुक्तानी रु ११५०० | १५७२५० |
| १८८, ११।१५ | लैंगिक समानता तथा सामाजिक कार्यक्रम १०।१५ देखि १७ सम्म | ३६ जना सहभागी कार्यक्रममा अध्यक्ष, प्र प्र अ लगायत ९ जना कर्मचारी र जनप्रतिनिधिलाई २ दिनको रु ५००। का दरमा यातायात खर्च भुक्तानी रु ९०००। | २२५००० |
| ११५, ९।१९ | लैंगिक हिंसा विरुद्धको १६ दिने अभियान कार्यक्रम | १६२ जनालाई सहभागी यातायात र अनुगमन भत्ता भुक्तानीमा पालिका कर्मचारी र जनप्रतिनितिलाई यातायात खर्च भुक्तानी | ३००००० |

४७ **अनुगमन भत्ता**

स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्बन्धी ऐन, २०७५ (पहिलो संशोधन) को दफा ३(क) मा पदाधिकारीहरुले पाउने सुविधा सम्बन्धी व्यवस्था गरेको छ ।सो ऐनमा गोष्ठि, तालिम तथा कार्यक्रममा अनुगमन गरेवापत भत्ता पाउने उल्लेख गरेको देखिंदैन ।साथै कार्य सन्चालन निर्देशिका, २०७७ मा तालिम, कार्यक्रम तथा गोष्ठिमा अनुगमन गरे वापत भत्ता पाउने उल्लेख गरेको छैन ।पालिकाले भौ.नं. १५४।२०८०।३।२० बाट निम्नानुसार पदाधिकारी तथा कर्मचारीहरुलाई लघु उद्यम विकास कार्यक्रम अन्तर्गत संचालित तालिम तथा कार्यक्रमको अनुगमन गरेको भनी रु.१,०००।- दरले रु.६९,७००।- भत्ता भुक्तानी गरेकोले ऐन तथा निर्देशिका विपरितको रकम असुल हुनुपर्ने रु.

| सि.नं. | पदाधिकारीको नाम | दिन | रकम(कर पछि) |
|---|---|---|---|
| १ | अध्यक्ष विर बहादुर लोप्चन | ९ | ७६५० |
| २ | उपाध्यक्ष भक्त बहादुर दर्लामी | १० | ८५०० |
| ३ | वडा अध्यक्ष ज्ञान बहादुर लो | ४ | ३४०० |
| ४ | वडा अध्यक्ष राम कुमार लामा | ६ | ५१०० |

| | | | |
|---|---|---|---|
| ५ | वडा अध्यक्ष नारायण भोम्जन | १ | ८५० |
| ६ | वडा अध्यक्ष होम प्रसाद बजगाई | १ | ८५० |
| ७ | वडा सदस्य सुन माया घलान | ३ | २५५० |
| ८ | लेखा अधिकृत दण्डपाणी पौडेल | ५ | ४२५० |
| ९ | योजना प्रमुख बिमल कोइराला | ५ | ४२५० |
| १० | प्रशासन प्रमुख एकनाथ बजगाई | ४ | ३४०० |
| ११ | सुचना अधिकारी मिलन शर्मा घिमिरे | ५ | ४२५० |
| १२ | आलेप गिरीराज दहाल | ४ | ३४०० |
| १३ | एम आइ एस माधव चौरेल | ४ | ३४०० |
| १४ | इडिएफ रुपा तिमल्सिना | ९ | ७६५० |
| १५ | इडिएफ लक्ष्मी भोम्जन | ९ | ७६५० |
| १६ | सहायक पाँचौ सरिता बिष्ट | ३ | २५५० |
| **जम्मा** | | | **६९७००** |

| | |
|---|---|
| असुल गर्नुपर्ने | ६९,७०० |

४८ **मेड्पा कार्यक्रम**

गरिबि निवारणको लागि लघु उद्यम विकास कार्यक्रम संचालन निर्देशिका, २०७७ को बुंदा नं. ३९ मा तालिमबाट उत्पादित सामान वा वस्तुहरुको व्यवस्थित अभिलेख राखी त्यस्ता उत्पादनहरु परल मूल्यको पचास प्रतिशत छुट मूल्यमा सहभागीहरुलाई बिक्री गर्ने तथा यसरी बिक्री हुन नसकेमा सम्भव भएसम्म बिक्री वितरण वा प्रचार प्रसारको लागि कोसेली घर, सौगात गृह, बिक्री कक्ष वा प्रदर्शनी स्थलमा पठाउने र पठाउँदा पनि बिक्री नभएमा विवरण सहित कार्यालयमा बुझाई सात दिनभित्र स्टोर दाखिला गर्नुपर्ने व्यवस्था छ । यसरी बिक्री पश्चात प्राप्त रकम कार्यालयले तोकेको राजस्व खातामा दाखिला गर्नुपर्ने व्यवस्था छ । पालिकाले यस वर्ष ७ दिने बेकरी सम्बन्धि, भैसी पालन, बाख्रा पालन, सिलाई कटाई तथा ब्यूटिपार्लर लगायतका तालिम संचालन गरी रु.८,१३,३३०।- भुक्तानी गरेकोमा के कति सामान वा वस्तुहरु उत्पादन भए र सो बिक्री भए वा भएन यकिन गर्न सकिएन । सो यकिन गरी ती वस्तु तथा सामानहरु बिक्री गरी राजस्व खातामा दाखिला गर्नुपर्दछ ।

४९ **भ्रमण खर्च**

भ्रमण खर्च नियमावली, २०६४ को नियम १८ मा भ्रमण खटिने पदाधिकारी वा कर्मचारीले भ्रमण समाप्त भएपछि नियमानुसार पाउने दैनिक भत्ता तथा भ्रमण खर्चको बिल भरी भ्रमण प्रतिवेदन साथ आवश्यक बिल भर्पाई सम्बन्धित कार्यालयमा पेश गर्नुपर्ने व्यवस्था छ ।पालिकाले विभिन्न भौ.नं.बाट प्रदिप कुमार यादवलाई निम्नानुसार भ्रमण भत्ता भुक्तानी गरेकोमा स्वीकृत भ्रमण अवधि भन्दा बढि दिनको रु.८,०००।- भुक्तानी गरेकोले असुल हुनुपर्ने रु.

| सि.नं. | स्वीकृत भ्रमण अवधि | भुक्तानी दिन | बढि दिन | रकम |
|---|---|---|---|---|
| १ | २०७९।११।१५ देखि ११।१९ | ७ | २ | ३२०० |

| | | | | |
|---|---|---|---|---|
| २ | २०७९।११।२५ देखि ११।२९ | ७ | २ | ३२०० |
| ३ | २०७९।११।१० देखि ११।१४ | ६ | १ | १६०० |
| **जम्माः** | | | | **८०००** |

| | |
|---|---|
| असुल गर्नुपर्ने | ८,००० |

## ५० चाडपर्व खर्च

**✂ ........... (प्रारम्भिक प्रतिवेदन उपर रंजिता बस्नेतको प्रमाण पेश भएको आधारमा मिति २०८०।१२।९ को निर्णयबाट रु.१,३५,९२६।- सम्परीक्षण गरिएको ।)**

## ५१ प्रशिक्षण भत्ता

**✂ ........... (प्रारम्भिक प्रतिवेदन उपर बढी दरको प्रशिक्षण भत्ता रकम असुल भई पेश भएको आधारमा मिति २०८०।१२।९ को निर्णयबाट रु.६०,३०५।- सम्परीक्षण गरिएको ।)**

## ५२ वितरण भर्पाई

**✂ ........... (प्रारम्भिक प्रतिवेदन उपर राज कुमार सापकोटाको प्रमाण पेश भएको आधारमा मिति २०८०।१२।९ को निर्णयबाट रु.३५,४८२।- सम्परीक्षण गरिएको ।)**

## ५३ शिक्षक दरवन्दी र पदपूर्ति

स्थानीय तह अन्तर्गत रहेका सामुदायिक विद्यालयहरूमा दरबन्दी अनुसार शिक्षकको पदपूर्ति भई नियमित पठनपाठनको व्यवस्था हुनुपर्दछ । यस पालिका अन्तर्गत ४६ वटा विद्यालयमा २३५ जना शिक्षक दरबन्दी भएकोमा २३३ जना पदपूर्ति र पदपूर्तिमध्ये १३६ जना करार/राहत शिक्षक रहेको देखिन्छ।दरवन्दी अनुसार पदपूर्ति हुनुपर्दछ । ति विद्यालयहरुमा विद्यालय तथ्याङ्क अनुसार कुल विद्यार्थी संख्या ३८८० रहेको देखिन्छ । विद्यार्थी संख्याको तुलनामा शिक्षक बढी भएको विद्यालयबाट कम शिक्षक भएको विद्यालयमा शिक्षकको दरवन्दी मिलान एंव न्यून विद्यार्थी भएको विद्यालयहरु सम्भाव्यताको आधारमा समायोजन गर्नुपर्दछ ।

## ५४ दिवा खाजा

शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयबाट स्वीकृत कार्यक्रम कार्यान्वयन पुस्तिका २०७९।८० को क्रियाकलाप नं. २.७.११.१ मा स्थानीय तहले सामुदायिक विद्यालयको प्रारम्भिक बालबिकास कक्षा देखि कक्षा ६ सम्ममा अध्यनरत विद्यार्थीहरुको लागि विद्यालयमा उपस्थिति हाजिरीको आधारमा प्रति विद्यार्थी रु.१५। को दरले १८० दिनको लागि त्रैमासिक रुपमा दिवा खाजाको रकम निकासा दिने व्यवस्था छ ।पालिकाले विद्यार्थीहरुको उपस्थिति हाजिरी विद्यालयका प्रधानाध्यापक र विव्यस अध्यक्षबाट प्रमाणित गराई स्थानीय तहमा संकलन गरी संख्या एकिन भएपश्चात मात्र त्रैमासिक रुपमा निकासा गर्नुपर्नेमा विद्यालयले उपलब्ध गराएको हाजिरी विवरणको आधारमा भौ.नं.४३।२०७९।१०।२३ बाट श्रावण देखि मंसिरसम्मको

रु.१७,९२,२४०।, भौ.नं. ९१।२०८०।१।३१ बाट पौष देखि चैत्रसम्मको रु.१९,९३,६८५।र भौ.नं. १५५।२०८०।३।२० बाट वैशाख देखि आषाढसम्मको रु.१६,७३,४६०। गरी ५० वटा (४ बालबिकास समेत) सामुदायिक विद्यालयको खातामा रु.५४,५९,३८५। निकासा गरेको छ । दिवा खाजा त्रैमासिक रुपमा विद्यार्थीहरुको उपस्थिति हाजिरी पुस्तिकाका आधारमा निकासा गर्नेतर्फ पालिकाको ध्यान जानुपर्दछ ।

## ५५ प्रति विद्यार्थी लागत

शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयबाट स्वीकृत कार्यक्रम कार्यान्वयन पुस्तिका २०७९।८० को क्रियाकलाप नं. २.७.१३.५० मा IEMIS को आधारमा विद्यार्थी संख्या एकिन गरी प्रत्येक सामुदायकि विद्यालयको बालविकास कक्षामा अध्यनरत प्रति विद्यार्थी रु.५००।, कक्षा १ प्रोटफोलियो समेत रु.१००।, आधारभुत तह(कक्षा १-५) मा अध्यनरत प्रति विद्यार्थी रु.१५०।, आधारभुत तह(कक्षा ६-८) मा अध्यनरत प्रति विद्यार्थी रु.२००।, माध्यमिक तह(कक्षा ९-१०) मा अध्यनरत प्रति विद्यार्थी रु.२००। र माध्यमिक तह(कक्षा ११-१२) मा अध्यनरत प्रति विद्यार्थी रु.२५०। का दरले शिक्षण सिकाई सामाग्री, डिजिटल सिकाइ सामग्री तथा बुक कर्नर व्यवस्थापन वापत रकम निकासा दिने व्यवस्था छ।पालिकाले भौ.नं.७३।२०७९।१२।२७ बाट रु.८,८५,७००।निकासा गरेकोमा निम्नानुसार विद्यालयहरुलाई इमिसको विद्यार्थी संख्या भन्दा बढि रु.४४,५५०।भुक्तानी गरेकोले असुल गर्नुपर्ने रु.

| सि.नं . | विद्यालयको नाम | भुक्तानी रकम | इमिस अनुसार रकम | बढि रकम |
|---|---|---|---|---|
| १ | घुसेल मा.वि. | ६१४०० | ५६७५० | ४६५० |
| २ | महांकाल आ.वि. | १२९०० | ७५०० | ५४०० |
| ३ | भुमेश्वरी आ.वि. | ४७५० | १००० | ३७५० |
| ४ | बालचन्द्र मा.वि. | ७५५० | ५८०० | १७५० |
| ५ | बाघभैरव आ.वि. | ५९५० | ४६०० | १३५० |
|  | भानु आ.वि. | ८२५० | ३२५० | ५००० |
| ६ | बागमती आ.वि. | १०७०० | १००० | ९००० |
| ७ | बालमनोरा आ.वि. | ३५७०० | २६७०० | ९००० |
| ८ | बालभैरव आ.वि. | ५९०० | ४५५० | १३५० |
| ९ | मनकामना आ.वि. | १४८०० | ११५०० | ३३०० |
| **जम्माः** |  | **१६७९००** | **१२२६५०** | **४४५५०** |

| | |
|---|---|
| असुल गर्नुपर्ने | ४४,५५० |

## ५६ दोहोरो निकासा

शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयबाट स्वीकृत कार्यक्रम कार्यान्वयन पुस्तिका २०७९।८० को क्रियाकलाप नं. २.७.१३.५० मा IEMIS को आधारमा विद्यार्थी संख्या एकिन गरी प्रत्येक सामुदायकि विद्यालयको बालविकास कक्षामा अध्यनरत प्रति विद्यार्थी रु.५००।, कक्षा १ प्रोटफोलियो समेत रु.१००।, आधारभुत तह(कक्षा १-५) मा अध्यनरत प्रति विद्यार्थी रु.१५०।, आधारभुत तह(कक्षा ६-८) मा अध्यनरत प्रति

विद्यार्थी रु.२००।, माध्यमिक तह(कक्षा ९-१०) मा अध्यनरत प्रति विद्यार्थी रु.२००।र माध्यमिक तह(कक्षा ११-१२) मा अध्यनरत प्रति विद्यार्थी रु.२५०।र OJT व्यवस्थापनको लागि कक्षा ९-१२ मा अध्यनरत प्रति विद्यार्थी रु.१५,०००।का दरले शिक्षण सिकाई सामाग्री अनुदान निकासा दिने व्यवस्था छ।पालिकाले भौ.नं. १२१।२०८०।३।१३ बाट रु.१०,६०,०५०।र भौ.नं. १९२।२०८०।३।२४ बाट रु.३,०४,९५०। गरी रु.१३,६५,०००। कालीदेवी मा.वि., प्युटारका प्राविधिक धारतर्फ कक्षा ९ देखि १२ मा अध्यनरत ९१ जना विद्यार्थीहरुलाई OJT व्यवस्थापन वापत प्रति विद्यार्थी रु.१५,०००। का दरले निकासा दिएकोमा पुनः बुक कर्नर वापत रु.२०,१००। निकासा दिएको छ ।OJT व्यवस्थापनको लागि निकासा दिई सकेपछि पुनः सोही विद्यार्थीको नाममा बुक कर्नर वापत रु.२०,१००। निकासा दिएकोले सम्बन्धीत विद्यायलयबाट असुल गरी संघीय संचित कोष दाखिला गर्नुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | २०,१०० |

## ५७ पाठ्यपुस्तक खरिद

५७.१ शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयबाट स्वीकृत कार्यक्रम कार्यान्वयन पुस्तिका २०७९।८० को क्रियाकलाप नं. २.४.६.१ को क्रियाकलाप ३.१ बमोजिम IEMIS मा प्रविष्ट तथ्याङ्कलाई स्थानीय तह अन्तर्गत सञ्चालित सामुदायिक विद्यायलयमा कक्षा १ देखि १२ सम्मका विद्यार्थीहरुको यथार्थ तथ्याङ्कसँग सत्यापन गराई तेस्रो त्रैमासिकभित्र विद्यालयहरुलाई पाठ्यपुस्तक वापतको रकम निकासा दिनुपर्दछ । यसरी रकम निकासा दिंदा पहिलो पटकमा विद्यार्थी संख्याको ७५ प्रतिशत संख्यालाई दिने र बाँकी २५ प्रतिशत रकम शैक्षिक सत्र २०७९ को विद्यार्थी भर्नाको विवरण, पाठ्यपुस्तक खरिद र वितरण गरेको विवरणका आधारमा यकिन गरी नपुग हुने रकम मात्र थप २५ प्रतिशत निकासा दिन सकिने व्यवस्था छ।पालिकाले भौ.नं. ७३।२०७९।१२।२७ बाट रु.१५,८१,९६१। र भौ.नं. १२०।०८०।३।१३ बाट रु.३,०५,३१३। गरी रु.१८,८७,२७४। ४६ वटा विद्यालयलाई भुक्तानी गरेकोमा निम्नानुसार विद्यालयहरुले वितरण गरेको भर्पाई पेश नगरेकोले सो पेश गर्नुपर्ने रु.

| सि.नं . | विद्यालयको नाम | ७५ प्रतिशत रकम | नपुग रकम | जम्मा रकम |
|---|---|---|---|---|
| १ | कालीदेवी मा.वि., माल्टा | १४९८७६ | ३७०६६ | १८६९४२ |
| २ | चण्डेश्वरी आ.वि. | ३०२६९ | ० | ३०२६९ |
| ३ | काउसे आ.वि. | ६५८३ | ० | ६५८३ |
| ४ | भगवती आ.वि. | ८७२५ | ० | ८७२५ |
| **जम्माः** | | | | **२३२५१९** |

***(प्रारम्भिक प्रतिवेदन उपर प्रमाण पेश भएको आधारमा मिति २०८०।१२।०९ को निर्णयबाट रु.४,५५,६८२।- सम्परीक्षण गरिएको ।)***

| | |
|---|---|
| प्रमाण पेश नगरेको | २,३२,५१९ |

५७. त्यसै गरी निम्नानुसार विद्यालयहरुको निकासा, बिल तथा वितरण गरेको भर्पाई परीक्षण गर्दा निकासा गरेको
२ भन्दा रु.८,१६६। कम भर्पाई पेश भएकोले असुल हुनुपर्ने रु.

| सि.नं. | विद्यालयको नाम | निकासा रकम | वितरण भर्पाई | बढि | रकम |
|---|---|---|---|---|---|
| १ | घुसेल मा.वि. | कक्षा ६ ३०*७१२.८ | २६ | ४ | २८५१ |
| २ | भट्टेडाँडा आ.वि. | कक्षा ३ ९*५८०.८ | ४ | ५ | २९०४ |
| | | कक्षा ४ ९*६०२.८ | ५ | ४ | २४११ |
| **जम्माः** | | | | | **८१६६** |

| | |
|---|---|
| असुल गर्नुपर्ने | ८,१६६ |

## ५८ पारिश्रमिक कर

आयकर ऐन, २०५८ को दफा ८ मा प्राकृतिक ब्यक्तिको सो आय बर्षको रोजगारीबाट प्राप्त पारिश्रमिक गणना गर्दा तलब, भत्ता लगायतका रोजगारीका सम्बन्धमा गरिएका सबै प्रकारका भुक्तानी समावेश गरिने र कुल करयोग्य आयबाट छुट तथा कट्टा गर्न पाउने रकम कट्टा गरी बाँकी करयोग्य आयमा दफा ८७ बमोजिम पारिश्रमिक कर कट्टा गर्नुपर्ने ब्यबस्था छ। कार्यालयले निम्नानुसार कर्मचारीहरुलाई पारिश्रमिक भुक्तानी गर्दा रु.२७,८६४। पारिश्रमिक कर कट्टि नगरेकोले सो असुल गर्नुपर्ने रु.

| सि.नं. | पद र नाम | कुल आय | कर योग्य आय | कट्टा गर्नुपर्ने कर | कट्टा गरेको कर | दाखिला गर्नुपर्ने कर |
|---|---|---|---|---|---|---|
| १ | ज स्वा नि नवराज श्रेष्ठ | ९१४१४३ | ६३७२९० | ९७२९ | ६२६९ | ३४६० |
| २ | सि अहेव राजकुमार सापकोटा | ९३६४२० | ६५५७८० | ११५७८ | ६४३८ | ५१४० |
| ३ | सि अनमी रोशनी लामा | ८७४३९५ | ६१६२३९ | ७६२५ | ६०८० | १५४५ |
| ४ | सि अहेव राजमान रंजितकार | ८६३१८३ | ६८००६६ | १४१०५ | ६०४० | ८०६५ |
| ५ | डा प्रकाश दगाल | ८६९०२१ | ६८९०२१ | १३६५८ | ६३५६ | ७३०२ |
| ६ | डा सुर्य किरण लामा | ८६९०२१ | ६२९०२१ | ८१५८ | ५८०६ | २३५२ |
| **जम्माः** | | | | **६४८५३** | **३६९८९** | **२७८६४** |

| | |
|---|---|
| असुल गर्नुपर्ने | २७,८६४ |

## ५९ कार्यस्वीकार तथा कार्यसम्पन्न नभएको

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११७ मा सार्वजनिक निकायले सम्पन्न भएको निर्माण कार्य, आपूर्ति गरेको मालसामान वा प्रदान गरिएको सेवा स्वीकार गरेको कार्यस्वीकार प्रतिवेदन तयार गर्नुपर्ने र नियम १२५ मा खरिद सम्झौता बमोजिम निर्माण कार्यको कार्यसम्पन्न प्रतिवेदन तयार गर्नुपर्ने उल्लेख छ। देहायका विद्यालयले देहाय अनुसार कार्य गरेकोमा लेखापरीक्षण अवधिसम्म कार्यस्वीकार प्रतिवेदन तथा कार्यसम्पन्न प्रतिवेदन श्रेस्तामा संलग्न नभएको हुँदा सोको प्रमाण पेस हुनुपर्ने रु.

| भौ.नं. र मिति | विद्यालयको नाम | विवरण | रकम |
|---|---|---|---|
| १५।२०७९।११।१८ | सातकन्या आ.वि. | आइटी ल्याब र डिजिटल लाइब्रेरी | ६४९७५० |
| १६।२०७९।११।१९ | महाकालीदेवी मा.वि. | आइटी ल्याब र डिजिटल लाइब्रेरी | ६५०००० |
| **जम्मा** | | | **१२९९७५०** |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १२,९९,७५० |

६० **सक्कल बिल नभएको**

मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १४ बमोजिम मूल्य अभिवृद्धि करमा दर्ता भएका फर्मसँग तोकीएको ढाँचाको कर वीजक लिई खरिद गर्नुपर्ने व्यवस्था छ । मिनर्जी इनिशिएटिमस् र गाउँपालिकाकाबीच सम्झौता भई गाउँपालिकाको लागत साझेदारीमा सुधारिएको ३९५ थान चुलो आपूर्ति गरेवापत स्मार्ट सोलार प्रा.लि. लाई मू.अ. कर रू.१,७२,६७९।समेत रू.१५,००,९८५।७८ भुक्तानी गरेकोमा (पालिकाले रू.४,५०,२९५। मात्र) सामान सप्लायर्स फर्माले रितपूर्वकको विजक जारी नगरेकोले उक्त मू.अ. कर रकम सम्बन्धित आन्तरिक राजस्व कार्यालयमा दाखिला गरेको प्रमाण पेस गर्नुपर्ने अन्यथा असुल गर्नुपर्ने रू.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १,७२,६७९.७८ |

६१ **प्रमाण पेस गर्नुपर्ने**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(५) सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टी गर्ने बिल, भरपाई, प्रमाण र कागजात संलग्न हुनुपर्ने व्यवस्था छ । मिति २०७९।७।१३ मा अग्नी इन्करपोरेटेडबाट खरिद गरेको नयाँ स्कार्पियो मोटरको लागि स्टाइल कार सेन्टरबाट ससोसरिज तथा डेकोरेसनका सामान वापत विभिन्न सामग्री खरिद गरेको देखाई रू.४,७७,८२०। खर्च लेखेको छ ।नयाँ खरिद गरिएको मोटरमा खरिद गरिएका सामान लाग्ने नलाग्ने विषयमा सामान आपूर्तकले क्याटलगमा उल्लेख गरिएका सामान समेत खरिद गरेको देखिएकोले सोको सम्बन्धमा छानबिन गर्नुपर्ने रू.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ४,७७,८२० |

६२ **मर्मत कोष**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को परिच्छेद ४ बजेट निकासा खर्च र नियन्त्रणले व्यवस्था गरेअनुसार बजेट सूचना प्रणाली (LMBIS) मा प्रविष्ट भएअनुसार मात्र खर्च गर्न सकिने व्यवस्था छ । पालिकाले संघीय सरकारबाट प्राप्त सशर्तको रकम खर्च गर्दा उपभोक्तालाई रकम भुक्तानी गर्ने सिलसिलामा मर्मत कोषको नाममा रकम कट्टा गरी पालिकाको सञ्चित कोषमा दाखिला गरेको देखियो ।तसर्थ उक्त रकम मर्मत कोषवापत कट्टी गरी आफ्नो कोषमा दाखिला गर्न नपाउने देखिएकोले संघीय सञ्चित कोषमा फिर्ता दाखिला गर्नुपर्ने रु.

| भौ.नं. र मिति | मर्मत कोष कट्टी रकम |
|---|---|
| ६३।२०८०।३।२४ | ५०००० |
| ५८।२०८०।३।२३ | १७००० |
| ५४।२०८०।३।२१ | २०००० |
| ५२।२०८०।३।२० | २०००० |
| ४३।२०८०।२।२६ | ५०००० |
| २६।२०८०।१।५ | २५००० |
| १९।२०७९।११।३० | २५००० |
| **जम्मा** | **२०७०००** |

| | |
|---|---|
| असुल गर्नुपर्ने | २,०७,००० |

६३ **कार्यसम्पन्न नभएको**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११७ मा सार्वजनिक निकायले सम्पन्न भएको निर्माण कार्य, आपूर्ति गरेको मालसामान वा प्रदान गरिएको सेवा स्वीकार गरेको कार्यस्वीकार प्रतिवेदन तयार गर्नुपर्ने र नियम १२५ मा खरिद सम्झौता बमोजिम निर्माण कार्यको कार्यसम्पन्न प्रतिवेदन तयार गर्नुपर्ने उल्लेख छ। देहायका निर्माण व्यवसायीबाट देहाय अनुसार कार्य गरेकोमा लेखापरीक्षण अवधिसम्म कार्यस्वीकार प्रतिवेदन तथा कार्यसम्पन्न प्रतिवेदन श्रेस्तामा संलग्न नभएको हुँदा सोको प्रमाण पेस हुनुपर्ने रु.

| भौ.नं. र मिति | सामान आपूर्तकको नाम | कामको विवरण | भुक्तानी रकम |
|---|---|---|---|
| १६४।२०८०।३।२० | कोहिनुर ट्रेडर्स एण्ड सप्लायर्स | २०० मिटर पाइप (वडा नं. ५ मा) | १९८८०३ |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १,९८,८०३ |

६४ **पालिका भवन**

पालिका भवन निर्माण गर्न रू.८,८७,३७,७६६। (मू.अ. कर सहित) को लागतमा मा सम्पन्न गर्ने गरी निर्माण व्यवसायी श्री कविन्द्र/पि.एम. जे.भी. सँग मिति २०७६।८।१३ गते सम्झौता भएको थियो । यस सम्बन्धमा देखिएका व्यहोरा निम्न अनुसार छन्ः

- पालिकाले निर्माण व्यवसायीसँग गरेको सक्कल सम्झौताको कागजात पेस हुन आएन ।
- पालिकाले दिएको जानकारी अनुसार सुरु लागत अनुमान मू.अ. कर समेत रू.१०,९२,९२,५४१।७७ रहेको थियो । मिति २०७९।१२।२ को गाउँपालिकाको १२ औं गाउँ अधिवेशनले पालिका भवनको स्थानको भूगोलको कारण तथा टायल, सेरवाल लगायतका कामको थप गर्नको लागि लागत अनुमान रकमको २५ प्रतिशतमा नबढ्ने गरी थप(भेरिएशन) गर्ने निर्णय भएको माइन्यूट पेस हुन आयो । सोही आधारमा सुरु इष्टिमेटबाट बढाई रू.११,०८,८२,१३४।०४ लागत अनुमान कायम भएको जानकारी दिएपनि त्यसपछिको के, कुन

कामको आइटम नयाँ थप भयो, के कुन आइटममा घटबढ भयो सोको अन्तिम विवरण सहितको सम्झौता लेखापरीक्षणको समयमा पेस हुन आएन ।

- पालिकाले दिएको विवरण अनुसार भौ.नं. ४।२०७६।११।२७ र भौ.नं. २८७।२०७७।३।२४ बाट क्रमशः रू.७५ लाख र ६१ लाख गरी रू.१,३६,००,०००।पेस्की दिएकोमा रू.३० लाख पेस्की अझै फस्यौंट हुन बाँकी देखिन्छ।साथै २०८०।३।२१ सम्ममा आर्थिक वर्ष २०७९।८० मा रू.४,१३,८८,५३८।समेत रू.१०,५४,९०,६४६।३०(भेरिएशन समेत) भुक्तानी दिएको विवरण पालिकाले दिएको छ ।पालिकाले बहुवर्षिय ठेक्काको विवरण नराखेको कारण भुक्तानी भएको रकमको सम्बन्धमा वास्तविक भए नभएको आश्वस्त हुने आधार छैन।पालिकाले निर्माण व्यवसायीलाई दिएको पेस्की, भुक्तानी र पेस्की फस्यौंट हुन बाँकी रकमबारे यकिन गरी प्रतिवेदन पेस हुनुपर्दछ ।
- पालिकाले पेस गरेको अन्तिम बिल तथा आठौं बिलमा रू.२७७५९८८१।६० को काम भएको उल्लेख छ । निर्माण व्यवसायीलाई मिति २०७९ चैत्रसम्म म्याद थप भएको र सम्झौता अनुसार काम भएको उल्लेख गरी प्राविधिकबाट कार्यबिल तथा कार्यस्वीकार यस वर्षको अन्तिम बिलको रकम तयार गरी मिति २०८०।१।१४ मा भुक्तानी भएको छ।लेखापरीक्षणको सिलसिलामा भौतिक अवलोकन गर्न मुख्य प्रशासकीय भवन बाहेकको कर्मचारी तथा पदाधिकारी आवास गृहको पि.सि.सि., इट्टाको गाह्रो, स्टील वर्क, स्टोन मेशिनरी, ढोकाको खापा, केही इलेक्ट्रिक, सिसाको काम अझै रू.१९,००,९४१।३७ काम सम्पन्न हुन बाँकी रहेको छ । निर्माण कामको अन्तिम समय २०७९ चैत्र मसान्तसम्म भएकोमा निर्माण कार्य नहुँदै अन्तिम बिल उठाइ कार्यस्वीकार प्रतिवेदन तयार गरेको अवस्था छ । निर्माण कार्य सम्पन्न नहुँदै नापी गरी बिल तयार पार्नुपर्ने कारण सहित नापी गर्ने प्राविधिक तथा कार्यपालिका समेतलाई जिम्मेवार बनाई छानबिन गर्नुपर्ने रू.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १९,००,९४१.३७ |

## ६५ ठेक्का व्यवस्थापन

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ९ मा खुला रुपमा वोलपत्र आह्वान गरी खरिद गर्ने सम्वन्धी व्यवस्था छ । पालिकाले वोलपत्र मार्फत प्रतिश्पर्धि आपूर्तिकर्ता छनौट गरी वार्षिक कार्यक्रम अनुसारका सडक निर्माणका योजना कार्यान्वयन गर्दै आएको छ ।यस्ता योजना लागत अनुमान भन्दा शुन्य देखि ४५.४३ प्रतिशत सम्म घटीमा गर्ने गरी कबोल भए अनुसार कार्यान्वयन गराएको पाइयो ।पालिकाको स्वीकृत नर्म्सका आधारमा तयार भएको लागत अनुमान भन्दा धेरै घटीमा सोही गुणस्तरको कार्य गर्न कबोल गरी अधिकांश योजना निर्माण सम्पन्न गरी भुक्तानी फरफारक गरेको पाइयो ।यस्ता योजनाको भुक्तानी गर्दा निर्माण सामाग्री र निर्माण कार्यको गुणस्तर परीक्षण गरेको भएपनि न्यून लागतमा सोही गुणस्तरको कार्य भएको सम्वन्धमा नर्म्समा नै अधिक मूल्याङ्कन भएको हो वा गुणस्तरमा सम्झौता गरी भुक्तानी फरफारक भएको हो सो सम्वन्धमा पालिकाको ध्यानाकर्षण हुनुपर्ने देखिन्छ ।साथै निर्धारित गुणस्तरमा कार्य भएको प्रमाणित गरी भुक्तानी गरेका कार्य निर्धारित अवधि सम्म टिकाउ भए नभएको यकिन गर्न प्रणाली सुदृढ गरी न्यून मुल्यमानै गुणस्तरीय कार्य हुने भएमा नर्म्स समेत सम्वन्धित निकायले पुनरावलोकन गर्नुपर्ने देखिन्छ ।यस्ता केही योजनाको विवरण देहायमा उल्लेख छ।लागत अनुमानको तुलनामा उल्लेख्य प्रतिशत घटीमा गर्ने गरी कबोल तथा सम्झौता भएका केही योजनाको विवरण देहायमा उल्लेख छ ।

| सि.नं | ठेक्का नं | कामको विवरण | लागत अनुमान | सम्झौता रकम भ्याट सहित | फरक प्रतिशत |
|---|---|---|---|---|---|
| १ | ०७९।०८०-०१ | प्युटार धनडाँडा अश्राङ सडक ट्र्याक ४-६ को निर्माण तथा स्तरोन्नति | ४१८१००००. | २२८१७००७.१५ | ४५.४३ |
| २ | ०७९।०८०-०२ | भट्टेडाँडा क्लुन यसपा भगवा सडक स्तरोन्नति | १८६६८५५१.३५ | ११७२४४२२.३५ | ३७.२ |
| ३ | ०७९।०८०-०३ | भालुखोला-बुलकीचौर-खानीभञ्ज्याङ—राडार सडक स्तरोन्नति | १८९४६४१३.१७ | ११४९९२२५.६१ | ३९.३१ |
| ४ | ०७९।०८०-०४ | ढुङ्गा, गीट्टी, वालुवा माटो उत्खनन्, बिक्रि तथा निकासी | ५६०८४५४.९९ | ठेक्का नलागेको | |
| ५ | ०७९।०८०-०५ | गाउँपालिकास्तरीय रंगशाला निर्माण | | ११४६३५४१.८८ | |
| ६ | ०७९।०८०-०६ | घुसेल खानेपानी आयोजना | १०६५६६८९.२६ | ८५७२१२१.१३ | १९.५६ |
| ७ | ०७९।०८०-०७ | घाटखोला-खैरेनी खानेपानी आयोजना | ७२८४७२८.९५ | ५०७५१३०.६९ | ३०.३३ |
| ८ | ०७९।०८०-०८ | शिरडाँडा महांकालखोल्सा खानेपानी आयोजना | ६९५७५१४.७६ | ५५०२७१८.७४ | २०.९१ |
| ९ | ०७९।०८०-१० | स्टिल डेक र फेब्रिकेशन सामग्रीको खरीद र आपूर्ति | १८३९३०५.८६ | १८३९३०५.८६ | ० |
| १० | ०७९।०८०-११ | थाङ्सिङटार अस्पताल व्यवस्थापन | १९५१५०५.३१ | १७८७७८३.०६ | ८.३९ |
| ११ | ०७९।०८०-१२ | वडा नम्बर १ कार्यालयको प्रशासनिक भवनको थप निर्माण | ४५२४६४५.५५ | ३५२७४७४.९८ | २२.०४ |

## ६६ ठेक्का अभिलेख

सार्वजनिक निर्माण कार्य गर्ने हरेक निकायले ठेक्का अभिलेख म.ले.प.फा.न.५०७ को ढाँचामा अद्यावधिक गरी राख्नुपर्ने व्यवस्था छ। निर्माण कार्यको विस्तृत अभिलेखांकनको लागि प्रयोग गरिने ठेक्का सम्बन्धी अभिलेखले कूल गर्नुपर्ने कार्य, हाल सम्म भएको कामको परिमाण, मूल्य, कार्य सम्पादन जमानत, पेश्की ग्यारेन्टीको अवस्था, काम सम्पन्न गर्नुपर्ने मिति, भेरिएशन लगायतको जानकारी उपलब्ध हुन्छ। तर यस कार्यालयले उक्त विवरण देखिने गरी अभिलेख राखेको देखिएन। अतः स्वीकृत ढाँचा अनुसार सबै विवरण खुल्ने गरी ठेक्का अभिलेख अद्यावधिक गरी राख्नुपर्दछ ।

## ६७ निर्माण व्यवसायीबाट काम

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(१०) मा उपभोक्ता समिति वा लाभग्राही समुदायले पाएको काम आफैंले सम्पन्न गर्नुपर्ने छ र कुनै निर्माण व्यवसायी वा सव-कन्ट्र्याक्टरबाट गराउन सकिने छैन भन्ने उल्लेख छ ।पालिकामा देहायका उपभोक्ता समितिले लिएको काम आफैं नगरी सामान सप्लाई गर्ने निर्माण व्यवसायी मार्फत नै रु.३९,६७,१७२।२० मूल्यका काम गराएको देखिन आयो।यससम्बन्धमा ब्यवस्थापनसंग छलफल समेत भएको छ ।उपभोक्ताले लागत अनुमानको ५ देखि १० प्रतिशतसम्म व्यहोर्ने गरी सम्झौता गरेको छ। पालिकाले प्राविधिक दृष्टिकोणले जस्तै बाटो ढलान गर्ने, भवन बनाउने जस्ता काम उपभोक्ता समितिबाट गराउनु उपयुक्त देखिएन । लागत हाराहारीमा उपभोक्ता समितिबाट काम गराउँदा गुणस्तरमा प्रश्न उठ्ने, नेपाल सरकारलाई प्राप्त हुने मूल्य अभिवृद्धि कर छुट हुने, एक स्थानबाट सामान प्राप्त गरी असम्बन्धित सप्लायर्सको विजक फाँटबारीमा समावेश गर्ने जस्ता अवस्था देखिएका छन् ।यस सम्बन्धमा पालिकाबाटै छानविन गरी प्रतिवेदन पेस हुनुपर्दछ । केही उदाहरण निम्न अनुसार छन्ः

| भौ.नं./मिति | उपभोक्ताको नाम | भुक्तानी | निर्माण व्यवसायीको नाम | भुक्तानी |
|---|---|---|---|---|
| १८५।२०८०।३।२४ | वडा नं ७ को वडा भरी सोरसार बापत उ.स. | ६५३३२५ | लक्ष्मी इञ्जिनियरिङ्ग एण्ड कन्स्ट्रक्सन | ६६८१६३ |
| १८०।२०८०।३।२४ | वडा नं २ डाँडागाउँ पाँचेडाँडा कुटमेरे दमार मोटरबाटो निर्माण उ.स. | ९६३४७८ | बागमती माइन्स एण्ड मिलरल्स प्रा.लि. | १००६५१५ |
| १७९।२०८०।३।२४ | फुर्केडाँडाबाट खोरङ जोड्ने मोटरबाटो निर्माण उ.स. | २८६७७७ | कृष्ण एण्ड स्यांगताङ्ग कन्स्ट्रक्सन | ३१०००२ |
| १७७।२०८०।३।२४ | वडा नं ७ माथिल्लो सुभाने सिठाघारी मोटरबाटो निर्माण तथा मर्मत उ.स | २६९९२८ | गौतम कन्स्ट्रक्सन | ३००००० |
| १७६।२०८०।३।२४ | वडा नं ७ वयरडाँडा तिल्लेकेघारी मोटरबाटो निर्माण तथा मर्मत उ.स | २७६२३६ | दुदराज निर्माणसेवा | २७६००३ |
| १०४।२०८०।२।२ | वडा नं. ७ का साना तथा छोटा सडक मर्मत उ.स. | १२२६१५ | हिलसाइड कन्स्ट्रक्सन प्रा.लि. | १५५४५१ |
| ७२।२०७९।१२।१७ | देउराली स्कुल जोडने मोटरबाटो निर्माण उ.स. | ३६०७४१ | कृष्ण एण्ड स्याङताङ्ग कन्स्ट्रक्सन | ३५४४०८ |
| ५९।२०७९।११।३० | महाभिर पान्चे घट्टेखोलामोटरबाटो नयाँ ट्र्याक निर्माण उ.स. | ३४२२५२ | जि.एन.निर्माण सेवा | २९६६३० |
| ३९।२०७९।१०।२७ | जिनलभ दोर्जे छोई फिलिङ गुम्बाको डि पि आर सहित स्थान निर्माण उ.स. | ५७५५२५ | गौतम कन्सल्टयान्टस् एण्ड कन्स्ट्रक्सन | ६००००० |
| **जम्मा** | | | | ३९६७१७२ |

६८ **सोझै खरिद**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८५(१ख) मा खरिद कार्य गर्दा प्रतिस्पर्धा सीमित हुने गरी टुक्रा टुक्रा गरी गर्न नहुने तथा एक आर्थिक बर्षमा एकै पटक वा पटक पटक गरी उल्लेखित सीमा भन्दा बढी रकमको एउटै व्यक्ति, फर्म, कम्पनी वा संस्थाबाट सोझै खरिद गर्न नहुने व्यबस्था उल्लेख छ ।पालिकाले बार्षिक कार्यक्रम अनुसार खरिद योजना तयार गरी मिल्दो खरिद कार्यको प्याकेज बनाई सिलबन्दी दरभाउपत्र र बोलपत्रको माध्यमबाट खरिद गर्नुपर्नेमा मसलन्द तथा कार्यालय सामग्री खरिद कार्य गर्दा नियम विपरीत टुक्रा पारी निम्न आपुर्तिकर्ताबाट निम्नानुसार सामग्री सोझै खरिद गरेको देखियो।खरिद कार्यलाई थप प्रभावकारी बनाउन प्रतिस्पर्धात्मक विधिबाट खरिद गरी खर्च लेख्नुपर्दछ ।

| भौ.नं. र मिति | सामान आपूर्तको नाम | विवरण | रकम |
|---|---|---|---|
| ७।२०७९।६।१३ | एम एण्ड एम मोटरसाइकल | ३ थान पल्सर मोटर साइकल | ८४५७०० |
| ८।२०७९।६।२७ | योगम्बर अटो सेन्टर | १ थान TVS स्कुटी | ३०५९०० |
| १२।२०७९।७।१७ | सुभम् अटोलिङ्क प्रा.लि. | २ थान पल्सर | ५९९८०० |
| **जम्मा** | | | १७५१४०० |

६९ **बढी भुक्तानी**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(६) मा उपभोक्ता समिति वा लाभग्राही समुदायले हरेक किस्ताको कामको प्राविधिक मूल्याङ्कन, बिल, भरपाई र खर्च प्रमाणित गर्ने अन्य कागजात त्यस्तो समिति वा समुदायको बैठकबाट अनुमोदन गराई सम्बन्धित सार्वजनिक निकायमा पेश गर्नुपर्ने उल्लेख छ। पालिकाले देहायका उपभोक्ता मार्फत सडकको काम गराई देहाय अनुसार रकम भुक्तानी दिएको छ ।उपभोक्ताले पेस गरेको फाँटबारी परीक्षण गर्दा कार्यसम्पन्न रकमको आधारमा उपभोक्ताको अंश १० प्रतिशत कटाई दिनुपर्नेमा बढी भुक्तानी दिएको तथा केही उपभोक्ताले पेस गरेको कार्यबिलमा मानिसबाट काम नभई मेसिनले मात्र गरेको छ । मेसिन र इन्धनको खर्च मात्र वास्तविक खर्च भएकोले वास्तवकि खर्चमा १० प्रतिशत उपभोक्ताको अंश कट्टी गरी रकम भुक्तानी दिनुपर्नेमा बढी भुक्तानी रकम देखिँदा उपभोक्ताबाट असुल गर्नुपर्ने रु.

| भौ.नं र मिति | उपभोक्ताको नाम | भुक्तानी रकम | वास्तविक खर्च | दिनुपर्ने भुक्तानी | बढी भुक्तानी |
|---|---|---|---|---|---|
| १७६।२०८०।३।२४ | बयरडाँडा तिल्लेकेघारी मोटरबाटो निर्माण तथा मर्मत उ.स. वडा ७ | २७६२३६ | २७६००३ | २४८४०३ | २७८३३ |
| ९३।२०८०।१।३१ | ७ नं. विपद व्यवस्थापन उ.स. | २०१११५ | २०१११७ | १८१००५ | २०११० |
| ७३।२०७९।१२।१७ | देउराली हुँदै लेकटोल जाने मोटरबाटो निर्माण उ.स. | १८४६२६ | १८५५९१ | १६७०३२ | १७५९४ |
| ७२।२०७९।१२।१७ | देउराली स्कुल जोडने मोटरबाटो निर्माण उ.स. | ३६०७४१ | ३५४४०८ | ३१८९६७ | ४१७७४ |
| ४५।२०७९।११।१४ | गढी मोटरबाटो उ.स. | २४०५०० | २५०६७९ | २२५६११ | १४८८९ |
| ३९।२०७९।१०।२७ | जिनलभ दोर्जे छोई फिलिङ गुम्बाको डि पि आर सहित स्थान निर्माण उ.स. | ५७५५२५ | ५७२७८६ | ५१५५०७ | ५७२७९ |
| ३६।२०७९।१०।२५ | लुकुनी बेसि देखि माथिल्लो आश्राङ मोटरबाटो सोरसार उ.स. | ४१५६३८ | ४५०००० | ४०५००० | १०६३८ |
| २६।२०७९।१०।४ | कलुवन घ्याम्पेसल्ला माझखण्ड मोटरबाटो निर्माण उ.स. | ४३२००० | ४५०००० | ४०५००० | २७००० |
| **जम्मा** | | | | | **२१७११७** |

| | |
|---|---|
| असुल गर्नुपर्ने | २,१७,११७ |

७० **बढी दरमा भुक्तानी**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(६) मा उपभोक्ता समिति वा लाभग्राही समुदायले हरेक किस्ताको कामको प्राविधिक मूल्याङ्कन, बिल, भर्पाई र खर्च प्रमाणित गर्ने अन्य कागजात त्यस्तो समिति वा समुदायको बैठकबाट अनुमोदन गराई सम्बन्धित सार्वजनिक निकायमा पेस गर्नुपर्ने उल्लेख छ। पालिकाले उपभोक्ताबाट काम गराउँदा स्वीकृत दररेट अनुसार रकम भुक्तानी दिनुपर्दछ। देहायअनुसारका सडकको कटिङ्ग लगायतका काम गराउँदा स्वीकृत दरभन्दा बढी दर राख्दा संघीय सरकार तथा पालिकालाई थप व्ययभार पर्न गएको छ । तसर्थ देहायका उपभोक्तालाई बढी भुक्तानी भएको रकम असुल गरी सम्बन्धित सञ्चितकोषमा दाखिला गर्नुपर्ने रू.

| भौ.नं. र मिति | उपभोक्ता समितिको नाम | विवरण | परिमाण | भुक्तानी दर | दिनुपर्ने दर | बढी दर | बढी भुक्तानी |
|---|---|---|---|---|---|---|---|
| ६३।२०८०।३।२४ | कान्तिपथ छपेलीबाटढुंगेपानी हुँदै बुलाकी चौर मोटरबाटो उ.स. | O.S. | ३५१२.०२ | ७९.१५ | ७०.०० | ९.१५ | ३२१३४.९८ |
| | | O.R. | ७३६.९४ | २०१.७१ | १७८.०० | २३.७१ | १७४७२.८५ |
| | | H.R. | ७०९.०५ | १५१२.७९ | ८४९.७७ | ६६३.०२ | ४७०११४.३३ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ४३।२०८०।२।१६ | पाहाखोला देखि छोकर सम्म मोटर बाटो स्तरोन्नति उपभोक्ता समिति | PCC (1:3:6) | २२.५० | १२९७७.९० | १०३४२.४० | २६३५.६० | ५९३००.३३ |
| ३४।२०८०।२।२ संघीय | पाहाखोला देखि छोकर सम्म मोटर बाटो स्तरोन्नति उपभोक्ता समिति | O.S. | ७६७४.०१ | ७९.१० | ७०.०० | ९.१० | ६९८३३.४९ |
| २६।२०८०।१।५ | भट्टेडाँडा खानेपानी आयोजना उपभोक्ता समिति | O.S. | ४३०४.२५ | ७९.१० | ७०.०० | ९.१० | ३९१६८.६८ |
| | | O.R. | १४३४.७५ | २०१.७१ | १७८.०० | २३.७१ | ३४०१७.९२ |
| १८५।२०८०।३।२४ | वडा नं ७ को वडा भरी सोरसार बापत उ.स. | all type of soil | ९१०.९० | ७०.०० | ११.९३ | ५८.०७ | ५२८९५.९६ |
| | | O.S. | ७२४.२५ | २०१.२५ | १७८.०० | २३.२५ | १६८३८.८१ |
| १८०।२०८०।३।२४ | डाँडागाउँ पाँचेडाँडा कुटमेरे दमार मोटरबाटो निर्माण उपभोक्ता समिति | O.s. | ९६३७.८२ | ७९.१० | ७०.०० | ९.१० | ८७७०४.१६ |
| | | H.R. | १५५५.०५ | २०१.७१ | १७८.०० | २३.७१ | ३६८७०.२४ |
| १४१।२०८०।२।३२ | हाँसभिर मोटरबाटो ढलान उपभोक्ता समिति | RCC | २३.४१ | १२७८७.०० | ११६३०.०० | ११५६.९० | २७०८१.८६ |
| १३१।२०८०।२।३१ | बगुवा पाँग्रे माल्टा मोटरबाटो स्तरोन्नत उपभोक्ता समिति | Stone Wall 1:4 | ५८.४१ | १०६१९.०० | १०२५९.०० | ३५९.६९ | २१००९.४९ |
| १३९।२०८०।२।३१ | घुसेल माने रङ रोगन कम्पाउण्ड वाल निर्माण उपभोक्ता समिति | Stone Wall 1:4 | १८.७४ | १२५३८.०० | १०७३५.०० | १८०३.०० | ३३७८७.८५ |
| ११५।२०८०।२।१० | महाकाल खोल्सा ड्रेन निर्माण उपभोक्ता समिति | Stone Wall 1:4 | १५.१९ | १२३५८.०० | १०७३५.०० | १६२३.१० | २४६५५.५० |
| ८२।२०८०।१।३ | बगुवा चर्च निर्माण उपभोक्ता समिति | Soil Cutting | १९६४.०० | ८१.९३ | ७०.०० | ११.९३ | २३४३०.५२ |
| ६८।२०७९।१२।१४ | गढीभञ्ज्याङ आ.वि. संरक्षण मेसिनरी वाल निर्माण उपभोक्ता समिति | Stone Wall 1:6 | ७४.८३ | १०५९१.०० | १०२५९.०० | ३३१.८० | २४८२८.५९ |
| ६२।२०७९।११।३० | पहरेघाट पुल मर्मत उपभोक्ता समिति | Stone Wall 1:4 | २४.४५ | १२६१४.०० | १०७३५.०० | १८७८.६० | ४५९३२.५० |
| ६०।२०७९।११।३० | लिङसिङ सत्य बुद्ध गुम्बा निर्माण उपभोक्ता समिति | PCC Foundation | १२.७६ | १३७११.०० | १०३४२.०० | ३३६८.२० | ४२९७८.१० |
| ५७।२०७९।११।३० | साविक ६ को तल्लो टोलको सडक संरक्षण उपभोक्ता समिति | Stone Wall 1:6 | १८.१२ | १२२४४.०० | १०२५९.०० | १९८४.७० | ३५९६२.०४ |
| **जम्मा** | | | | | | | ११९६०१८.२० |

| | |
|---|---|
| असुल गर्नुपर्ने | ११,९६,०१८.२ |

## ७१ निस्कृय खाता

सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को दफा नं. २३ को उपदफा ५ अनुसार खाता सञ्चालन गर्ने बैंङ्क तथा वित्तीय संस्थाले सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीहरूको खाताहरू मध्ये निष्कृय खाताको विवरण प्रत्येक श्रावण महिनाभित्र सम्बन्धित स्थानीय तहका साथै विभागलाई दिनुपर्ने व्यवस्था छ ।पालिकाले यो वर्ष १ वटा बैङ्क मार्फत वितरण गरेकोमा यो आर्थिक वर्षमा कार्यविधि अनुसार निस्कृय खाताको विवरण पेस गरेको छैन । अतः कार्यविधि अनुसार निस्कृय खाताको विवरण प्राप्त गरी लाभग्राहीको

मृत्यु भएको वा कुनै कारणले भत्ता प्राप्त गर्न योग्य नभएको भए कार्यविधि अनुसार लगत कट्टा गरी संघीय सञ्चित कोषमा दाखिला गर्नुपर्दछ ।

७२ **मृत्य भएका लाभग्राहीलाई भत्ता वितरण**

सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को दफा नं. २६ को उपदफा ३ अनुसार एक आर्थिक वर्षसम्म एकपटक पनि रकम नझिकेका लाभग्राहीको विवरण सेवा प्रदायक बैङ्कबाट अनुसूची-११ बमोजिमको ढाँचामा प्राप्त गरी त्यस्ता लाभग्राहीका सम्बन्धमा स्थानीय तहले आवश्यक छानविन गरी कुनै लाभग्राहीको मृत्यु भएको वा कुनै कारणले भत्ता प्राप्त गर्न योग्य नभएको पाइएमा सम्बन्धित बैङ्कबाट लगत कट्टा हुने मितिसम्मको रकम सम्बन्धित लाभग्राहीलाई भुक्तानी गरी सो मितिभन्दा पछिको रकम सम्बन्धित हकवालालाई भुक्तानी गरी सो मिति भन्दा पछिको रकम फिर्ता गरी संघीय कोषमा दाखिला गर्नुपर्ने व्यवस्था छ। पालिकाबाट प्राप्त विवरण अनुसार निम्नानुसार मृत्य भएका लाभग्राहीहरूलाई बढी रकम गरेको पाइएकोले कार्यविधि अनुसार असुल गरी संघीय सञ्चित कोषमा दाखिला गर्नुपर्ने रु.

| वडा नं. | परिचय नं. | नाम | लगत कट्टा लागु मिति | निकासा | निकासा हुनुपर्ने | बढी निकासा | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १ | २०११०३१ ५१०९४९ | भिम बहादुर लो तामाङ्ग | ९।१७। २०७९ | २४००० | १०२६७ | १३७३३ | दोश्रो किस्ता १७३३ र तेश्रो किस्ता १२००० |
| १ | १९८११०० ८०००५१ | शुक्रबहादुर मुक्तान | ११।२२ ।२०७९ | १२००० | ६९३३ | ५०६७ | चैत्र महिना ४००० र फागुन १०६६ |
| ६ | २००००६१ ५००६८२ | चेत कुमारी तिमल्सिना | ११।२५ ।२०७९ | १२००० | ८००० | ४००० | चैत्र महिना |
| **जम्मा** | | | | ४८००० | **२५२००** | **२२८००** | |

| | |
|---|---|
| असुल गर्नुपर्ने | २२,८०० |

७३ **नन्फाइलर**

मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १८ मा भुक्तानीमा प्राप्त मूल्य अभिवृद्धि करको विवरण भुक्तानी पाएको अर्को महिनाको २५ गतेभित्र सम्बन्धित आन्तरिक राजस्व कार्यालयमा कर विवरण सहित दाखिला गर्नुपर्ने व्यवस्था छ । तर देहायका फर्मलाई मू.अ.कर रु.४९,६९९। समेत रु.४,३२,०००। भुक्तानी दिएकोमा लेखापरीक्षण अवधिसम्म पनि ती फर्महरु कर विवरण नबुझाई नन्फाईलर रहेको पाइयो । कानूनी व्यवस्थाअनुसार विवरण नबुझाएकोले कर समायोजन नभएको प्रमाण पेश हुनुपर्दछ ।

| भौ.नं. र मिति | भुक्तानी पाउनेको नाम | प्यान नं. | भुक्तानी रकम | मूअकर रकम | नन्फाइलर रहेको मिति |
|---|---|---|---|---|---|
| १३।२०८०।३।२२ | स्वदेश इन्टरप्राइजेज | ६००६२८०५१ | ४३२००० | ४९६९९ | २०७९।M।१ |

| |
|---|
| प्रमाण पेश नगरेको |

७४ **प्रधानमन्त्री स्वरोजगार**

स्थानीय तहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारीको प्रत्याभूत गराउन एवम् सामूदायिक पूर्वाधारहरुको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्देश्यले स्थानीयतह भित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ ।यस कार्यक्रम व्यवस्थित रुपमा सञ्चालनका लागि प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका, २०७५ तयार गरेको छ ।यस कार्यक्रम अन्तर्गत पालिका अन्तर्गत ५ वडामा १५ योजना सञ्चालन गरी यस वर्ष ८२ जनालाई औसत ६४ दिनल ५२१५ दिन रोजगारी उपलव्ध गराई रु.३६,२९,७७९।२० श्रमिक ज्याला खर्च गरेको छ।पालिकाका नियमित योजना र प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गतका योजना छनौट गर्दा योजना छनौटको आधार नखुलाएकोले दोहोरो परे नपरेको सम्बन्धमा स्पष्ट हुन सकिएन।योजनामा दोहोरो नहुने गरी योजना छनौट गरी कार्यान्वयन गर्नुपर्दछ ।उक्त खर्चवाट लक्षित वर्गमा अल्पकालीन रोजगारी सृजना भए तापनि कामको दीगोपना तथा दीर्घकालीन रोजगारी सिर्जना भएको देखिंदैन । तसर्थ कार्यक्रम सञ्चालन निर्देशिका बमोजिम व्यवस्थित तवरले कार्य सञ्चालन गर्नुपर्दछ ।

७५ **सहकारी नियमन**

सहकारी ऐन, २०७४ को दफा ७३ अनुसार मासिक, चौमासिक, वार्षिक प्रतिवेदन बुझाउनु पर्ने र सहकारी नियमावली, २०७५ को नियम २८(४), सहकारी संस्थाहरुको सुपरीवेक्षण, निरीक्षण तथा अनुगमन निर्देशिका, २०७८ को दफा ३ मा मासिक प्रतिवेदन प्रत्येक महिना ७ गते भित्र एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) दाखिला गर्नु पर्ने व्यवस्था छ।पालिकाले उपलव्ध गराएको विवरणअनुसार पालिका भित्र ७३ वटा सहकारी संस्था रहेका छन्।पालिका भित्रका सहकारी संस्थाहरुले एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) बाट विवरण दाखिला गरेको पाइएन।त्यसैगरी पालिकाबाट अनुगमन निरीक्षण गरी तयार गरिएको प्रतिवेदन समेत लेखापरीक्षणका क्रममा पेश भएन।जसले गर्दा सहकारीको सञ्चालन अवस्था बारे अध्ययन गर्न सकिएन।तसर्थ ऐन, नियमावली र निर्देशिका अनुसार प्रणालीमा विवरण दाखिला गर्न लगाई सोको प्रभावकारी अनुगमन गर्नुपर्दछ ।

## संपरीक्षणबाट थप भएको बेरूजू

<table>
<tr><th>क्र.सं.</th><th>बेरुजुको विवरण</th><th>रकम</th></tr>
<tr><td>१</td><td>निम्नानुसार विद्यालयहरुको निकासा, बिल तथा वितरण गरेको भर्पाई परीक्षण गर्दा निकासा गरेको भन्दा रु.१४,७९०।- कम भर्पाई पेश भएकोले असुल हुनुपर्ने रु.
<table>
<tr><th>सि.नं.</th><th>विद्यालयको नाम</th><th>निकासा रकम</th><th>वितरण भर्पाई/बिल</th><th>कम भर्पाई</th><th>रकम</th></tr>
<tr><td rowspan="3">१</td><td rowspan="3">जनजागृति मावि</td><td>कक्षा ४ ९*६०२.८=५४२५</td><td>४*६०२.८=२४११</td><td>४</td><td>२४१०</td></tr>
<tr><td>कक्षा ५ १५*६४०.२=९६०३</td><td>१०*६४०.२=६४०२</td><td>४</td><td>२५६०</td></tr>
<tr><td>कक्षा ६ २*७१२.८=८५५३</td><td>६*७१२.८=४२७६</td><td>४</td><td>२८५०</td></tr>
<tr><td>२</td><td>कालीदेवि मावि प्यूटार</td><td>कक्षा ९<br>३३*७७४.४=२५५५५</td><td>२३*७७४.४=१७७१२</td><td>९</td><td>६९७०</td></tr>
<tr><td colspan="5">जम्माः</td><td>१४७९०</td></tr>
</table>
</td><td>१४७९०</td></tr>
</table>

अनुसूची - १

## आर्थिक कारोबारको स्थिति

**आर्थिक बर्षः २०७९/८०**

**कार्यालय र स्थान : वागमती गाउँपालिका, ललितपुर ।**

| पद | नाम | कार्यकाल सुरु मिति | कार्यकाल समाप्त मिति |
|---|---|---|---|
| कार्यालय प्रमुख | राम दत्त भट्ट | २०७९-४-१६ | हाल सम्म कार्यरत |
| लेखा प्रमुख | DANDAPANI PAUDEL | २०७८-५-१ | २०७९-१०-१५ |
| लेखा प्रमुख | SURESH KUMAR ADHIKARI | २०८०-६-४ | हाल सम्म कार्यरत |

**बेरुजु वर्गीकरणः**

| असूल गर्नुपर्ने | अनियमित भएको | प्रमाणका कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा पेश्की |
|---|---|---|---|---|---|
| ३,५०४,६४८.२ | १,६०५,५४९ | ११,९६२,२२३.१५ | ० | ० | ६५०,००० |
| **प्रारम्भिक प्रतिवेदनबाट देखिएको बेरुजू रु.** | | | | | १७,७२२,४२०.३५ |
| **प्रारम्भिक प्रतिवेदन उपर फछ्र्यौट गरी संपरीक्षण भएको रकम रु.** | | | | | ७,०१३,६८० |
| **संपरीक्षणबाट थप भएको बेरुजू रु.** | | | | | १४,७९० |
| **लेखापरीक्षण प्रतिवेदनमा कायम बेरुजू रु.** | | | | | १०,७२३,५३०.३५ |

**स्थानीय तह :**

| | | | |
|---|---|---|---|
| गत बर्षको जिम्मेवारी | | २५९८८०६४.२५ | |
| **आम्दानी** | | **खर्च** | |
| **संघीय सरकारबाट अनुदान** | ३३६७३९७२८ | **चालु खर्च** | ३३०५३८३५८.७५ |
| **प्रदेश सरकारबाट अनुदान** | ७५०२१७९२.६७ | **पूँजीगत खर्च** | १८२०९८१३०.९७ |

| | | | |
|---|---|---|---|
| **राजश्व बाँडफाँट** | ७९९५४०७५.०५ | **वित्तीय/अन्य व्यवस्था** | ७३४३७३६६.८७ |
| **आन्तरिक आय** | ९४८९०३४.६७ | | |
| **अन्य आय** | ८०९०३५८०.९ | | |
| **कुल आय** | ५८२१०८२११.२९ | **कुल खर्च** | ५८६०७३८५६.५९ |
| **बाँकी मौज्दात** | | २२०२२४१८.९५ | |